# स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना
# Local Disaster and Climate Resilience Plan (LDCRP)

## गौर नगरपालिका, रौतहट २०७५

गौर नगरपालिका
प्रदेश नं. २, रौतहट

# स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना

## Local Disaster and Climate Resilience Plan (LDCRP)

### गौर नगरपालिका, रौतहट २०७५

क्षमता तथा स्रोत नक्शा




प्रकोप तथा जोखिम नक्शा



# गौर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

गौर,रौतहट
प्रदेश नं.२,नेपाल

पत्र संख्या:-२०७५/०७६
चलानी नं.- 2629

बिषयः- कृतज्ञता ज्ञापन ।

गौर नगरपालिका रौतहट विभिन्न बहुप्रकोपको जोखिममा रहेको समथर तथा उर्वर कृषि क्षेत्र भएको नगरपालिका हो ।यस नगरपालिका बाढी, शुख्खा खडेरी, आगलागी, स्वास्थ्य समस्या (झाडापखला, प्रजनन स्वास्थ्य, डेन्गु, इन्सेफलाईटिस, छाला तथा आँखा संक्रमण, निमोनिया, श्वास प्रश्वास र दिर्घ रोग), शितलहर, जनावर तथा छाडा पशुहरुको समस्या, सर्पदंश, सडक दुर्घटना, विद्युत करेन्ट, कुकुर टोकाई र तातो हावा र जलवायु परिवर्तनको प्रभाव जस्ता प्रकोपहरुको उच्च जोखिममा रहेको छ । यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६" विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जन मसौदा निर्देशिका २०७४ मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलको क्षेत्रमा पूर्व तयारी, रोकथाम, अल्पिकरण, प्रतिकार्य, पुनस्थापन र पुर्ननिर्माण तथा अनुकुलको कार्यलाई विशेष महत्व दिइएको छ । विपद् उत्थानशील समाज निर्माणका लागि विकास योजनामा विपद् तथा जलवायु उत्थान शिलताको सवाललाई एकीकृत रुपमा मूलप्रवाहीकरण गर्न जिम्मेवार निकायले पहल लिन आवश्यक भइसकेको छ ।

यस सन्दर्भमा विपद् तथा जलवायु उत्थानशिलतालाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्नुपर्ने आजको आवश्यकता हो । यस योजना निर्माण प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को मूलभावना तथा मर्मलाई आत्मसात गर्दै विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४ परिच्छेद ७दफा १७ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा १(न) ले दिइएको अधिकार प्रयोग गरी समावेशी र जलवायू उत्थानशीलताका विषयहरु समेत समावेश गर्दै गौर नगरपालिकामा UNFPA को आर्थिक सहयोग र नेपाल रेडक्रस सोसाइटीको प्राविधिक सहयोगमा यस स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना,२०७५ निर्माण गरी लागु गरिएको छ ।

गौर नगरपालिका, UNFPA रनेपाल रेडक्रस सोसाइटीको विषेश पहलमा हामीले यसगौर नगरपालिकामा **स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना,२०७५** निर्माण गरी लागु गर्न सफल भएका छौ । सोही क्रममा विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्था, युवाक्लब, जनप्रतिनिधि, कर्मचारी, शिक्षक, महिला, बालबालिका, पत्रकार तथा सम्पुर्ण जन समुदायहरुको सकृय सहभागितामा नगरपालिकाको जोखिम विश्लेषण गरी यो योजना तयार गरिएको छ । यो योजना नगरपालिकाको लागि जोखिम न्यूनिकरणको लागि पहिलो प्रयास हो । यो योजनामा समावेस भएको विपद् व्यावस्थापनको क्रियाकलापहरु संचालन गर्न नगरपालिकाको तर्फबाट प्रतिबद्धाता व्यक्तगर्दै यसको अधिक कार्यान्वयनको लागि सम्पुर्ण सरोकारवालाहरुलाई अनुरोध गर्दछु । यो योजना तयार गर्न सहयोग गर्नु हुने UNFPA र नेपाल रेडक्रस सोसाइटी प्रति हार्दिक आभार प्रकट गर्दछु ।

अजय कुमार गुप्ता
मेयर
गौर नगरपालिका रौतहट

**अजय कुमार गुप्ता**
**नगर प्रमुख**
**गौर नगरपालिका,रौतहट**

# गौर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गौर,रौतहट
प्रदेश नं.२,नेपाल

पत्र संख्याः- २०७५/०७६
चलानी नं.- 2622

**बिषयः- शुभकामना सन्देश :**

गौर नगरपालिका रौतहटले **स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना** Local Disaster and Climate Resilience Plan (LDCRP) तयार गरेकोमा सम्पुर्ण सहयोगी हातहरु प्रति सर्व प्रथम हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस गौर नगरपालिका रौतहटका विभिन्न गाँउवस्ति,समुदाय तथा समथर तथा उर्वर कृषि क्षेत्र पटक पटक बहुप्रकोपको जोखिममा रहेको हाम्रा विभिन्न तथ्याकंले स्पष्ट पारेको छ । अत : यस नगरपालिकामा बाढी, शुख्खा खडेरी, आगालागी, विभिन्न स्वास्थ्य समस्या तथा महामारी, शितलहर, जनावर तथा छाडा चौपायको समस्या, सर्पदंश, सडक दुर्घटना, विद्युत करेन्ट, कुकुर टोकाई र तातो हावा र जलवायु परिवर्तनको प्रभाव जस्ता प्रकोपहरुको उच्च जोखिममा रहेको छ । यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६" विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथायसको परिमार्जन मसौदा निर्देशिका २०७४ मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलको क्षेत्रमा पूर्व तयारी, रोकथाम, प्रतिकार्य, पुर्नस्थापन र पुर्ननिर्माण तथा अनुकुलनको व्यवस्थापन कार्यलाई नगरपालिकाले विशेष महत्व दिइएकोमा सम्पुर्ण सरोकारवालाहरुलाई शुभकामना दिन चाहान्छु । विपद् उत्थानशील समाज निर्माणका लागि विकास योजनामा विपद् तथा जलवायु उत्थानशिलताको सवाललाई जिम्मेवार निकायले एकीकृत रुपमा मूलप्रवाहीकरण गर्न पहल लिन आवश्यक रहेको बेला यस गौर नगरपालिका रौतहटले **स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना** निमार्ण गरेकोमा सबै प्रति हार्दिक आभार प्रकट गर्दै सफल रुपमा योजना कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दछु ।

सुमन कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत
गौर नगरपालिका रौतहट

सुमन कुमार कार्की
प्रमुख प्रशासकिय अधिकृत

नेपाल रेडक्रस सोसाइटी
**Nepal Red Cross Society**
रौतहट जिल्ला शाखा, गौर
*Rautahat Disrict Chapter, Gaur*

Ref No.:- २२५/०७६ Date: २०७६/१२/२८

शुभकामना सन्देश



यस रौतहट जिल्लामा वर्षेनि जस्तो बाढी, आगलागी, महामारी, हुरी बतास,असिना रोग किरा, जनावर आतंक (सर्पडंश) लगायतका प्रकोपहररूका कारण यस गौर नगरपालिका वासीले विपद्को सामना गर्नु परेको यथार्थता छ । हरेक वर्ष आउने यस्ता विपद्बाट बच्न उपयुक्त किसिमको योजनाले निकै मद्दत गर्दछ । यस्तो योजनाले हामी संग के संकटा सन्नता छ भन्ने स्पष्ट पार्दछ र साथै हामी कसरी ती विपदबाट सुरक्षित रहने वातावरण कसरी व्यवस्थापन गर्ने भन्ने समेत छर्लङ्ग पार्दछ ।

यसै सन्दर्भमा नेपाल रेडक्रस सोसाइटी रौतहट जिल्ला शाखाको समन्वय, सयुक्त राष्ट्र संघीय जनसंख्या कोष नेपाल *UNFPA NEPAL* को आर्थिक सहयोग र नेपाल रेडक्रस सोसाइटी केन्द्रिय कार्यालयको सकृयतामा यस गौर नगरपालिकको वडा नं १ देखि ९ सम्मका वडाहरुको स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना *Local Disaster and Climate Resilience Plan (LDCRP)* विपद् व्यवस्थापनमा स्थानिय समुदायको क्षमता अभिवृद्धि गरि समयैमै प्रतिकार्य तथा पुर्व तयारीका गतिविधिहरु संचालन गर्नका लागी यस विपद् तथा जलवायु उत्थानशील योजना तयार भएको छ । विपद्को पूर्वतयारी, विपद्को समयमा गरिने सहयोग र विपद् पश्चातका पुनर्लाभ तथा पुर्नस्थापनाका क्रियाकलापहरु सञ्चालन गर्न यो योजनाले मार्ग प्रशस्त गर्ने मैले विश्वास लिएको छु ।

अन्तमा यस योजना निर्माणका लागी सहयोग गर्नुहुने नागरिक समाज,स्थानिय क्लबहरु, प्रत्येक वडाका अध्यक्ष, सदस्य तथा महिला प्रतिनिधिहरु, र गौर नगरपालिकाका मेयर, उप मेयर, कार्यकारी अधिकृत, सयुक्त राष्ट्र संघीय जनसंख्या कोष नेपाल *UNFPA NEPAL* र नेपाल रेडक्रस सोसाइटी केन्द्रिय कार्यालयलाई यस जिल्लामा मानवीय संस्थाका रुपमा विगत देखि कामगर्दै आइरहेको र भविश्यमा समेत संक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दै यस योजनाको सफल कार्यान्वयनको लागि शुभकामना व्यक्त गर्दछु ।

संजीव कुमार मल्लिक
सभापति

# विषयसूची

पेज


**खण्ड १ परिचय तथा पृष्ठभूमि** ७
पृष्ठभूमि ७
गौर नगरपालिकाको भौगोलिक तथा सामाजिक अवस्था ७
योजनाको उद्देश्य ९
योजनाको आवश्यकता तथा महत्व १०
योजनाका सीमा १०
योजना निर्माण प्रक्रिया विधि ११
योजना कार्यान्वयन रणनीति १२
योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन १३

**खण्ड २ प्रकोप, संकटासन्नता, क्षमता र जोखिमको विश्लेषण** १४
प्रकोपको पहिचान तथा स्तरीकरण १४
प्रकोप विश्लेषण १६
सङ्कटासन्नता स्तरीकरण १९
वडा तथा बस्तीहरुको संकटासन्न अवस्था २१
नगरपालिकाको क्षमता विश्लेषण २२
जोखिम पहिचान तथा विश्लेषण २८
वडा तथा टोलगत समस्या तथा जोखिमको अवस्था २९
जोखिम न्यूनिकरण तथा प्रतिकार्यका लागि पूर्वतयारी आवश्यक उपायहरु ३१
नगरपालिकाको संस्थागत विश्लेषण ३३
संस्थागत विश्लेषण वा रोटी चित्र ३४
तापक्रम र वर्षाको विश्लेषण ३८
लक्षित समूह छलफलका निर्ष्कष ३९
समुदायको विपद् सामानाको उपायहरु ४२

**खण्ड ३ दिर्घकालिन सोंच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति** ४३
दिर्घकालिन सोंच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति ४३
नगरपालिकाको सम्पन्ता विवरण, ४४
नगरपालिकाको जातीगत जनसंख्या विवरण ४५
नगरपालिकाको उमेरगत तथा अपाङ्गता विवरण ४५

**खण्ड ४ स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना** ४६
जनचेतना तथा क्षमता अभिवृद्धि सम्वन्धि योजना ४६
जोखिम न्यूनिकरण योजना ५०
आपतकालिन पूर्वतयारी योजना ५५
प्रतिकार्यका क्रियाकलापहरू (घटना घटेको दिन देखि ३ महिना सम्म) ५६
विपद् पश्चात्का पुर्नलाभ अर्न्तगत पुर्नस्थापना र पुर्ननिर्माणका क्रियाकलापहरू ५७
स्थानिय विपद् तथा जलवायु उत्थानशिल समिति र योजना तर्जुमा उप समितिको स्वरुप ५८
विपद् तथा जलवायु उत्थानशील समितिको काम, कर्तव्य र अधिकार ५८
विषयगत कार्यदलहरुको स्वरुप ६१
विषयगत कार्यदलहरुको काम कर्तब्य तथा अधिकार ६३
नगरपालिकाको विपद् प्रतिकार्य योजना ६६
अनुसुचीहरु ७२
सन्र्दभ सामाग्री ७५

# खण्ड-१ परिचय

## १.१ पृष्ठभूमि :

नेपाल विभिन्न प्रकारका प्राकृतिक तथा मानव सिर्जित प्रकोपहरुबाट प्रभावित छ। ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी, असिना, आगलागी, भूकम्प र हिमताल विष्फोटन जस्ता प्रकोपहरुको जोखिममा छन्। नेपाल विश्वमा २० औं विपद् संकटासन्न राष्ट्र भित्र पर्दछ। यस्तै गरेर भौगर्भिक रुपले उच्च जोखिममा रहेको कारण जुनसुकै बेला जान सक्ने प्रलयकारी भूकम्पको समेत उच्च जोखिममा रहेको छ। विश्वब्यापी रुपमा भूकम्पीय जोखिमका दृष्टिले नेपाल ११ औ तथा जलवायु परिर्वतनका जोखिमको दृष्टिले चौथो स्थानमा रहेको छ। गृहमन्त्रालयको तथ्यांक अनुसार विगत दुई वर्षमा मात्र १३ प्रकारका प्रकोपहरु अन्तर्गत जम्मा २९४० विपद्का घटनाहरु घटेको देखिन्छ। यस अवधिमा मात्र ९७०८ जनाको मृत्यु भएको देखिन्छ भने २०७२ मा गएको विनाशकारी भूकम्पका कारण मात्र ८९७० जनाको ज्यान गएको थियो। यस तथ्यांकले नेपालका प्राय सबै भूभाग बहुप्रकोपको जोखिममा रहेको पुष्टि गर्दछ।

गौर नगरपालिका विभिन्न बहुप्रकोपको जोखिममा रहेको एक ब्यापारिक तथा कृषी प्रधान नगरको रुपमा रहेको छ। यस नगरपालिका बाढीरडुवानरकटान,भुकम्प, सडक दुर्घटना, सर्पदंश, कुकुर टोकाई, आगलागी, स्वास्थ्य समस्या (डेन्गु, झाडापखला, प्रजनन स्वास्थ्य, छालारोग, आँखा संक्रमण), हावाहुरी, चट्याङ्ग, खडेरी, शितलहर, असिना, आन्तरिक द्धन्द्ध ,जंगली जनावर र जलवायु परिवर्तनको प्रभाव जस्ता प्रकोपहरुको उच्च जोखिममा रहेको छ। यस सन्दर्भमा नेपाल सरकारबाट स्वीकृत "विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६" विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जन मसौदा निर्देशिका २०७४ मा व्यवस्था भए बमोजिम विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनको क्षेत्रमा पूर्वतयारी, रोकथाम, अल्पिकरण, प्रतिकार्य, पुनस्थापन र पुर्ननिर्माण तथा अनुकुलनको कार्यलाई विशेष महत्व दिइएको छ। विपद् उत्थानशील समाज निर्माणका लागि विकास योजनामा विपद् तथा जलवायु उत्थानशिलताको सवाललाई एकीकृत रुपमा मूलप्रवाहीकरण गर्न जिम्मेवार निकायले पहल लिन आवश्यक भइसकेको छ।

यस सन्दर्भमा विपद् तथा जलवायु उत्थानशिलतालाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलपवाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समदुाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्नुपर्ने आजको आवश्यकता हो। यस योजना निर्माण प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४ परिच्छेद ७, दफा १७ तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा १(न) ले दिइएको अधिकार प्रयोग गरी समावेशी र जलवायू उत्थानशीलताका विषयहरु समेत समावेश गर्दै गौर नगरपालिकामा ग्लैएब को आर्थिक सहयोग र नेपाल रेडक्रस सोसाइटीको प्राविधिक सहयोगमा यस स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना,२०७५ निर्माण गरी लागु गरिएको छ।

## १.२ गौर नगरपालिकाको भौगोलिक तथा समाजिक अवस्था

भारतको ब्यापारिक नाका बरगिनियासँग दक्षिण सिमाना जोडिएकोगौर नगरपालिका, उत्तरमा राजपुर नगरपालिका, पूर्वमा राजदेवी नगरपालिका र पश्चिममा राजपुर नगरपालिका र इशाननाथ गाँउपालिकासँग सिमाना जोडिएकोछ।

नेपालको प्रदेश नं. २ अन्तर्गत रौतहट जिल्ला, नारायणी अञ्चलमा अवस्थित तराईको समथर कृषीको उर्वर भूमी रहेको यस नगरपालिका वि.सं २०४८ सालमा घोषणा भई २०४९ बैशाख २४ गतेबाट कार्यालयको स्थापना सहित विधिवत रुपमा संचालनमा रहेको छ। तत्कालिन अवस्थामा गौर, टिकुलिया, पुरेनवा, सिर्सिया र सवगढा गरी ५ गाविसहरु मिलि १३ वडाहरु सहित बनेको नगरपालिका संघिय संरचना बमोजिम हाल ९ वडाहरुमा विभाजित रहेको छ।२६० उत्तरी आक्षंश देखि ८५० पूर्वी देशान्तरमा फैलिएको यसनगरपालिकाको औषत तापक्रम अधिकतम ४० डिग्री सेल्सीयस र न्यूनतम ५ डिग्री सेल्सीयस रहेको यस नगरपालिकामा हावापानी उष्ण, भूउपयोगः २ हेक्टर बसोबासको क्षेत्र, २५ हेक्टर कृषि क्षेत्र, १५ हेक्टर बजार क्षेत्र र अन्य ३.९१ हेक्टर रहेको छ। महिलाः १६६४७ र पूरुषः १८९० जम्मा ३४९३७ जम्मा घरधुरी संख्या ५६३५मुख्य जातजातीहरुः मुस्लिम, तेली कानु, कल्वार, ब्रामण, यादव, मलाह, सहनी, विन, दुसाध, पाशवान, कुर्मी, कायस्थ, बनिया, केशरी, राजपूत, कोडरी, तत्मा, चमार आदि रहेका छन् ।हिन्दु, जैन, मुस्लीम, किराँत तथा बौद्ध धर्मावलम्वीहरुको बासोबास रहेको यस नगरपालिकामा मुख्य पेशाका रुपमा कृषि, पशुपालन, ज्यालामजदुरी, नोकरी र ब्यापार मुख्य जिविकोपार्जनका स्रोतको रुपमा रहेको छ जसमा वैदेशिक मूलक तथा छिमेकी मूलक भारत वैदेशिक रोजगारको गतब्य रहेको छ। यस नगरपालिकाको साक्षरता प्रतिशत ६४.६ प्रतिशत रहेको छ भने, शिवालय पोखरी, अदालत पोखरी, बरहवा ताल आदि यहाँका मुख्य तालपोखरी हुनूभने पुरेनवा दरबार, क्रन्तिदार, सहिद शिवप्रसाद कुँवर स्मारक ऐतिहासिक स्थलहरु हुन् । शैक्षिक संस्थाहरुमा १७ प्रा.वि., ३ आधारभूत विद्यालय, ३ माध्यमिक विद्यालय, २ उच्च माध्यामीक विद्यालय, ३ क्याम्पस र ३ प्राविधिक विद्यालयहरु रहेका छन् । नगरपालिका भित्र १ जिल्ला अस्पताल, १ आँखा अस्पताल, १ हेल्थपोष्ट, १ शहरी स्वास्थ्य क्लिनिक र १ नर्सिंग क्याम्पस रहेको छ। यातायातको हिसाबले पूर्व पश्चिम राजमार्ग भन्दा दक्षिण विरेन्द्र राजमार्गले यस नगरलाई जोडको छ भने ३ किमी दक्षिणमा भारतको बरगनिया रेलमार्ग रहेको छ। कालोपत्रे ६ किमि, कच्ची मोटरबाटो ८ किमि, गोरेटो १५.किमि, ढलान १० कि.मि सडक संजाल रहेको यस नगरमाबस, रिक्सा, मोटरसाईकल, टेम्पो, टाँगा, साइकलन र मोटरसाइकल यहाँका मुख्य स्थानिय यातायातका साधनहरु रहेको छ। कृषि, वन, खेर गइरहेको, पानीले ढाकेको चरन, अवास आदि। कुल क्षेत्रफल ः २१.५३ व.कि.मिरहेको यस नगरपालिकामा भू-उपयोगको हिसाबले बसोबासको क्षेत्र २ हेक्टर, कृषि क्षेत्र २५ हेक्टर, बजार क्षेत्र १५ हेक्टर र अन्य ३.९१ हेक्टर(पानिले ढाकेको, खेर गइरहेको जमिन र चरन क्षेत्र) रहेको छ।

यस योजनामा गौरनगरपालिकाको जनसंख्यालाई राष्ट्रिय जनगणना २०६८ (केन्द्रीय तथ्याङ विभाग) अनुसार लिइएको छ तथापी वर्तमान समयमा भएको शहरकेन्द्रित बसार्य सराई, ब्यापार ब्यवसाय तथा सेवा प्रवाहका लागि अन्य स्थानबाट समेत नगरपालिकामा बसोबास गर्नेको जनसंख्या करीब दोब्बर हुने अनुमान गर्न सकिन्छ। तसर्थ, बहु प्रकोपगत जोखिम रहेको यस नगरपालिकाको विपद् जोखिम न्यूनिकरण,विपद् पूर्वतयारीका गतिविधिहरु सांलन गर्दा यस जनसंख्यालाई समेत मध्ये जनर गर्नुपर्ने आवश्यकता महशुस गरिएको छ।

बकैया नदी र बाग्मती नदीको विचमा अवस्थित नगरपालिका वर्षेनी बाढी, डुवान तथा कटानको समस्याबाट प्रभावित रहने गरेको छ। भारत नेपाल दगजा देखि ५० देखि १०० मिटरको दुरीमा १० देखि ३० फिट उचाई १५ देखी ५० फिट चौडा भएको बाँधको निमार्ण गरी ठाउँ ठाउँ मा सुलीसगेट (केमारा ) लगाइ आफनो आवश्यक्ता अनुसार भारतले पानीको प्रयोग गर्ने र वर्षाको समयमा पानी निकासमा अवरोध सिर्जना हुने गर्दा यस नगरपालिका प्राय वर्ष डुवानमा पर्ने गरेको छ जसले ठूलो संख्यामा बालीनाली, बसोबास तथा पशुचौपायामा प्रत्यक्ष असर गर्ने गरेको छ भने स्वास्थ्य र आजिविकामा प्रतिकुल असर गर्ने गरेको पाइन्छ ।विगत ३० वर्षको ऐतिहासिक विवरण अनुसार बाढी तथा डुवानको घटना १५ वटा भएको देखिन्छ जसमा २०५० सालको र २०७४ को बाढी तथा डुवानले ठूलो क्षती गरेको देखिन्छ। उल्लेखित घटनाबाट १६५ जनाको ज्यान गएको देखिन्छ भने २१४ घर पूर्ण क्षती र ६७०० भन्दा बढी घरधुरी र ३८७५ विगाह जमिन तथा खेतीबाली प्रभावित भएको देखिन्छ। यस बाढी तथा डुवानका कारण स्वास्थ्य तथा आजिविकामा प्रत्यक्ष असर गरेको देखिन्छ। यस्तै विपद् पूर्व तयारीको कमीका कारण तथा दक्ष जनशक्तिकोअभावले २०७५ मा बकैया नदीमा डुङ्गा दुर्घटना ५ जनाको ज्यान गएको थियो। हावाहुरीलेपनि यस नगरलाई ठूलो समस्याको सिर्जना गर्ने गरेको देखिन्छ। यस अवधिमा ९ वटा ठूलो हावाहुरीका घटनाहरु घटेको देखिन्छ, जसबाट २ जनाको मृत्यु, २९८ विगाहको बाली, ६३ घर पूर्ण क्षती र ५६३ घरधुरी

प्रभावित भएको देखिन्छ। बाढी तथा डुवान र सरसफाईको कमी तथा विभिन्न स्थानमा पानी ताल परेर रहने कारण सहित यहाँको तापक्रमका कारणले निकै विषालु सर्प समेत रहेको पाईन्छ। सर्पदंश यस नगरको एक समस्या रहेको छ, यसका कारण यस अवधिमा ५ जनाले ज्यान गुमाएका छन् भने ठूलो संख्यामा मानिस तथा पशुचौपायहरु प्रभावित हुने गरेका छन्। कुकुर टोकाई यस नगरको अर्को समस्या देखिएको छ जसबाट मानिस तथा पशुचौपायहरु प्रभावित हुने गरेका छन्, यस अवधिमा यस समस्याबाट नगरका १ जनाको ज्यान गएको छ भने ४३ जना मानिस र १२ पशुचौपायाहरु प्रभावित भएको देखिन्छ। मौसममा आएको परिवर्तन सँगै नेपालका तराई क्षेत्रका प्राय सबै भूभागहरुमा शितलहरकोप्रभाव बढीरहेको देखिन्छ। विगत २०६७ सालबाट शितलहर एक प्रमुख समस्याको रुपमा देखा पर्न गएको छ।

शितलहरका कारण यस नगरमा वर्षेनी समस्याहरु बढ्दै गएको देखिन्छ, यस अवधिमा शितलहरबाट यस नगरका २५ जनाले ज्यान गुमाएका छन् भने ४३० परिवार प्रत्यक्ष प्रभावमा परेको देखिन्छ भने शितलहरका कारण ४९ विगाहको तर कारी खेति समेत प्रभावित भएको छ जसकाकारण यस नगरमा स्वास्थ्य तथा आजिविकामा प्रत्यक्ष असर गरेको देखिन्छ। वर्षायाममा हुने अधिक वर्षाले बाढी तथा डुवानको समस्या सिर्जना गर्ने गरेको यस नगरमा अन्य समयमा हुने शुख्खा खडेरीले यस नगरमा प्रत्यक्ष आजिविकामा समस्या सिर्जना गरेको छ। शुख्खा खडेरीका कारण यस अवधिमा नगरका १६१० विगाह खेतीवालीमा असर गरेको देखिन्छ। बढ्दो सवारी चापका कारण हुने सडक दुर्घटनाले नगरलाई अर्को समस्या थपिएको देखिन्छ, यस समस्याबाट यस अवधिमा २ जनाले ज्यान गुमाएका छन् भने २० जना घाइते भएका छन्। यस नगरको अर्को समस्याका रुपमा आगलागी देखिएकोछ। यस अवधिमा आगलागीबाट ४५ घरधुरीहरुको क्षती, २३ पशुचौपायाहरुको क्षती र १० जना घाईते भएको देखिन्छ। बाताबारणम आएको परिवर्तनका कारण हुने गरेको असिनाका कारण नगरमा ५४५ घरधुरीहरु प्रभावित भएका छन् भने ४७५विगाह अन्नबाली नष्ट भएको देखिन्छ जसले प्रमुखत खाद्य समस्या र आजिविकामा प्रभाव पर्न गएको छ भने बढ्दो गर्मी समयमा हुने तातोहावाले नगरका प्राय सबै वडाहरु प्रभावित बन्ने गरेको देखिन्छ। यस अवधिमा चट्टयाङ्गबाट ७ जनाले ज्यान गुमाएका छन् भने २५ जना घाइते र २० घरधुरी प्रभावित भएको छ। वर्षेनी हुन बाढी तथा डुवान, मौसममा आएको परिवर्तनर सचेतनामा कमीका कारण स्वास्थ्य समस्या (प्रजनन स्वास्थ्य, छाला तथा आँखा संक्रमण, झाडापखला) नगरका लागि एक प्रमुख समस्याको रुपमा देखिएका छ। यस अवधिमा स्वास्थ्य समस्याहरुबाट १९३५ जना प्रभावित भएको देखिन्छ जसमा झाडापखला, छालारोग र प्रजनन स्वास्थ्य समस्या बढी जटिल रहेको पाईन्छ।बाँदर, बदेल र निलगाईको बालीनालीमा हुने प्रभावले समेत नगरमा समस्या सिर्जना गरेको देखिन्छ।

## १.३ योजनाको उद्देश्य :

नेपालको भौगोलिक, सामाजिक, आर्थिक र प्राविधिक अवस्थाका कारण वर्षेनी ११०० जना भन्दा बढीको विभिन्न विपद् बाट मृत्यु हुने गरेको छ भने हजारौ संख्यामा घाइते तथा अपाङ्गता भईरहेको छ। विपद्का घटनाले नियमित विकासलाई समेत प्रत्यक्ष असर गरेको छ,, वार्षिक करौडको आर्थिक क्षती हुने गरेको छ भने सार्वजनिक भौतिक संरचनाको क्षतीले सेवा पहुँचमा समेत असर गर्ने गरेको छ। विश्व विपद् जोखिमको अवस्था हेर्दा नेपाल भूकम्पिय जोखिमबाट ११ औं स्थान, बाढीको जोखिमबाट ३० औ स्थान, जलवायु परिर्वतनको असरबाट ४ औ स्थानमा रहेको छ। उल्लेखित तथ्थाङ्क आधार मा नेपाल बहुप्रकोपको जोखिममा रहेको छ, जहाँ कूनैपनि भौगालिक क्षेत्रहरुलाई कम जोखिमको हिसावले आंकलन गर्न सकिदैन। वर्तमान नेपालको संघिय शासन संरचना अनुसार स्थानिय तहदेखि नै विपद् ब्यवस्थापनलाई प्राथमिकताको क्षेत्रमा राखि कार्य गर्न विभिन्न नीति नियम तथा कानूनले निर्देशित गरेको छ। यसै अनुरुप गौर नगरपालिकाका सम्भावित विपद् तथा जलवायुजन्य परिवर्तनको जोखिम न्यूनिकरण तथा पूर्व तयरीका कार्य गर्न, विपद्को प्रभावकारी प्रतिकार्य गर्न र विपद् पश्चात् पुनःस्थापन तथा पुनर्निर्माणका लागि दिशानिर्देश गर्न योजनाबद्ध कार्यक्रम तर्जूमा गरी, कार्यजिम्मेवारी तथा बजेटसहितको ढाँचा तयार गर्नुनै यस स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनाकोमुख्य उद्देश्य हो, जसले :

(क) गौर नगरपालिका भित्रका स्थानीय निकाय, समुदाय र सरोकारवालाको प्रत्यक्ष, समावेशी, र सक्रिय सहभागिताको प्रत्याभूति गर्छ।

(ख) यस योजनाले गौर नगरपालिका भित्र विपद तथा जलवायु परिवर्तनद्वारा मानवीय, आर्थिक, सामाजिक, भौतिक

तथा प्राकृतिक श्रोतमा पर्न सक्ने प्रतिकूल प्रभावको विश्लेषण गरेको छ।

(ग) गौर नगरपालिकामा समावेशी र सहभागीतामूलक विधिको प्रयोग मार्फत् समुदायमा रहेको सङ्कटासन्नताको पहिचान, स्तरीकरण तथा क्षमता विश्लेषण गर्दै जोखिम न्यूनीकरण, प्रतिकार्य र पुर्नलाभका कार्यहरु गर्न तथा जलवायु परिवर्तन अनुकुलनका लागि स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालनमा जोड दिइएको छ।।

(घ) आवश्यकता अनुसार विकास प्रक्रियामा विपद् तथा जलवायु उत्थानशिलतालाई मूलप्रवाहीकरण गर्दै विपद् पूर्व, विपद्को समयमा र विपद् पछि गर्नु पर्ने कार्यलाई प्राथमिकीकरण गर्छ।

(ङ) विपद् जोखिम न्यूनीकरण कार्यक्रमलार्य स्थानीय तहमा नै संस्थागत गरी आत्मनिर्भर बनाउन र स्थानीय समुदायको साझेदारीमा वृद्धि गर्न।

(च) नगरपालिकाका समुदायहरुलाई विपद जोखिमबारे ज्ञानको अभिवृद्धी गरी विपद्को समयमा अति संकटासन्न समुदाय तथा परिवारहरुलाई पर्ने असरहरुलाई कम गदै विपद जोखिम न्यूनीकरणमा सामुदायिक तहको अर्थपुर्ण सहभागिता सूनिश्चित गर्नेछ।आन्तरिक तथा बाह्य स्रोतको माध्यमबाट स्थानिय सबै तहमा पूर्वतयारी, जोखिम न्यूनिकरणका उयापहरुको कार्यान्वयनमा कोशेढुंगाको कार्य गर्दछ।

## १.४ योजनाको आवश्यकता तथा महत्व :

बाढी, खडेरी, आगलागी, भुकम्प, जंगली जनावर आतंक सडक दुर्घटना, हावाहुरी तथा महामारीको बढी जोखिममा रहेका समुदायहरु सामाजिक, आर्थिक तथा साङगठनिक रुपमा कमजोर हुन्छन्। खाद्य असुरक्षा, शौचालय, स्वास्थ्य तथा सरसफाइका सुविधाहरुको सिमितता, विपद कारण सुरक्षित बासस्थानको सही पहिचान तथा उपयुक्त व्यवस्थापन गर्न नसक्नु, विपद्को समयमा स्वास्थ्यका आधारभूत आवश्यकताको परिपूर्ति हुन नसक्नु आदि विपद् प्रभावित समुदायहरुले सामना गर्ने मुख्य समस्याहरु हुन। परिणाम स्वरुप प्राकृतिक तथा मानवजन्य प्रकोपहरु संग समुदायको सामना गर्ने क्षमता निकै कमजोर छ। यस्ता समस्याहरुलाई सम्वोधन गर्न समुदायलाई सशक्तीकरण गर्ने र प्रभावकारी समन्वयको संयन्त्र बनाउने निर्णय गर्नु अत्यन्त जरुरी छ। गौर नगरपालिकाको प्रकोप पूर्व तयारी तथा प्रतिकार्यमा काम गर्ने विभिन्न सरोकार बालाहरु वीच समन्वय गर्ने महत्वपूर्ण साधनको रुपमा यो योजना रहनेछ।

विपदको अवस्थामा प्रभावकारी मानवीय सहयोगका लागि तथा सम्भावित विपदको जोखिम कम गर्नका लागि विपद जोखिम व्यवस्थापन योजना आवश्यक पर्दछ। विशेष गरी मानवीय सहयोगको प्रत्याभुति गराउन विपद् जोखिम न्युनीकरणमा समुदायलाई सहयोग गर्न, प्रतिकार्यमा समान पहुच पुरयाउन, र विपद् पश्चात प्रभावितहरुको उचित व्यवस्थापन गर्न,सामाजिक, सांस्कृतिक मर्यादा कायम राख्न, खानेपानि तथा सरसफाई एवं स्वास्थ्य प्रवर्द्धन गर्न यस योजनाले मार्गनिर्देश गर्नेछ । त्यसका साथै श्रोतको सहि परिचालन तथा पहिचान गर्न जवाफदेही र उत्तरदायित्वको भावनाको विकास गराउन पनि यस योजनाले सहयोग गर्नेछ। यसै आवश्यकतालाई महशुस गर्दै यस नगरपालिकामा विपद्बाट हुने क्षतिलाई कम गर्न तथा विपद् पछिको मानवीय सहयोगलाई व्यवस्थित तथा प्रभाकारी बनाउन पुर्वतयारी दस्तावेजका रुपमा यो विपद् तथा जलवायू उत्थानशिल योजना तयार पारिएको हो। यस योजना ग्लँएब्को सहयोगमा नेपाल रेडक्रस सोसाइटीद्धारा संचालित कार्यक्रमको सहयोगमा गौर नगरपालिकाका नगर प्रमुखको अध्यक्षतामा नगर स्तरीय विपद् तथा जलवायू उत्थानशिल समिती (Local Disaster and Climate Resilience Committee (LDCRC) गठन गरी उक्त समितीले नगर कार्यपालिका, स्थानीय निर्वाचित जनप्रतिनिधी,स्थानिय राजनितिक दलका अगुवा, विभिन्न विषयगत कार्यलयका प्रमुख तथा प्रतिनिधी, बालवालिका, महिला, स्थानिय स्तरका संघ संस्था, आदीवाशी जनजाती, दलित अपाङ्ग शिक्षक, समाज सेवी लगायत सँग समन्वय गर्दै स्थानीय समुदायको प्रत्येक्ष सहभागितामा यो योजना निर्माण गरिएको छ।

## १.५ योजनाका सीमा :

गौर नगरपालिकाको योजना निर्माणको लागि, नगरपालिकामा गठन भएको योजना निर्माण समितिका संयोजक तथा सवै सदस्यहरु, गौर नगरपालिका, नगरपालिकाका विपद् ब्यवस्थापन शाखा प्रमुख, नेपाल रेडक्रस सोसाइटीका अगुवाइमा विपद् व्यवस्थापन समितीका संयोजक तथा सदस्यहरु, राजनितीक पार्टिका प्रतिनिधीहरु, सामाजिक संघ संस्थाका

प्रतिनिधिहरु, स्थानिय स्तरका सरकारी कार्यालयका प्रतिनिधहिरु, दलित, अपाङ्ग, संघ संस्थाहरुबाट प्रतिनिधी, महिला लगायत सम्पूर्ण क्षेत्रको सहभागिता संकटासन्नता तथा क्षमताको पहिचान तथा विश्लेषण (Vulnerability and Capacity Assessment) विभिन्न औजारहरुको प्रयोग गरीएको छ। गौर नगरपालिकाको विपद् व्यवस्थापन योजना तर्जुमा गर्दा पुर्ण रुपमा सहभागितामूलक प्रकृयाका माध्यमबाट गरिएको छ। योजना कार्यान्वयन नगरपालिकाको विकास योजनासँग एकिकृत गरि कार्यान्वयनलाई सुनिश्चित गरिनेछ।

### यस योजना तर्जुमा गर्दा निम्न नीति, निर्देशिका तथा ऐन का सीमाहरुमा रहेर गरिएको छ ।

- सुचना संकलनलाई तथ्थपरक र सहि सुचनाका लागि विभिन्न सुचना संकलनका औजारहरुको प्रयोग, परिक्षण, पूनरावलोकलन तथा पून परिक्षण गरिएको छ। समुदायमा लक्ष्यीत समूह छलफल, मुख्य सुचनादाताहरुको अन्तर्वाता, सरोकारवाला संघ संस्थाहरु सँगको अन्तरक्रिया गरिएको छ। भाषागत सहजताका लागि स्थानिय सहजकर्ताहरुको परिचालन र सुचनाहरुको दोहोरो परिक्षण गरिएको छ।
- नेपाल सरकारबाट स्वीकृत “विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६” विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापान ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय विपद जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा यसको परिमार्जन मसौदा निर्देशिका २०७४ व्यवस्था भए अनुसारको प्रकृयाबाट योजना निर्माण गरिएको छ। समुदायका सरोकारवालाहरु संग भएको अन्तरक्रिया, विगतमा भएको क्षति र भविष्यमा हुन सक्ने क्षतिलाई आधार मानेर जोखिम स्तरीकरण गरिएको छ।
- विपद जोखिम व्यवस्थापनको योजना अन्तरगत बनाएका गतिविधीहरुको कार्यन्वयनका लागि सम्बन्धित गतिविधी स्थानिय तहका सरकारी निकायहरु, जिल्ला समन्वय समिती तथा दातृ संस्थाहरुबाट समेत सहयोग मिल्ने आशा गरिएको छ।
- योजना निर्माण गर्दा यस गौर नगरपालिकामा ४७१ जानको प्रत्यक्ष उपस्थितीमा ४ पटक योजना तर्जुमा कार्यशाला गोष्ठी,४ बैठक, १ तालिम, २ अन्तरक्रिया, सबै वडाहरुमा लक्ष्यीत समूह छलफल र सबै वडाहरु मा संकटासन्नता तथा क्षमता लखाजोखाको औजारको प्रयोग र उक्त कार्यशाला, गोष्ठी तथा संकटा संन्नता तथा क्षमताको लेखाजोखाबाट आएका तथ्य तथ्याङ्ग, राय सुझाव, गौर नगरपालिकामा भएको तथ्याङ्ग, सामाजिक स्रोत नक्सा तथा गौर पालिकाका सवै वडामा गरिएको संकटासन्नता तथा क्षमताको आंकलन ( भिसीए) प्रतिवेदनलाई समेत आधार मानी तयार गरिएको छ।

### १.६ योजना निर्माण प्रक्रिया विधि :

स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा निर्देशिकाले निर्देशित गरे अनुसारका ५ वटा तहलाई क्रमानुसार मध्येजनर गरी यो योजना निर्माण प्रक्रिया सम्पन्न गरिएको छ। योजना निर्माण प्रक्रिया अनुसार तह १, २ र ३ लाई पूर्ण रुपमा यस योजनाले समेटेको छ भने तह ४ र ५ का लागि निर्देशित मार्ग प्रशस्त गरेको छ, जहाँ गौर नगरपालिकाले प्रक्रिया अगाडी बढाउनुपर्ने हुन्छ। यस योजना निर्माण क्रममा नियमीत नगरपालिका सँगको बैठक तथा अन्तरक्रिया, योजना उपसमितिको सहभागिता र सहयोग, वडा विपद् ब्यवस्थापन समितिको बैठक र अन्तरक्रिया, संकटासन्नता तथा क्षमता विश्लेण तालिमप्राप्त ब्यक्तित्वहरुको परिचालन र सुचना संकलन, वडा तथा समुदायमा गरिएको लक्ष्यीत वर्ग क्षलफल, नगरपालिका स्थानिय विपद् ब्यवस्थापन समितिसँग गरिएको कार्याशाला सुचनामाथीको पृष्ठपोषण र प्रथम तथा द्धितिय नमूना योजना खाँका प्राप्त पृष्ठपोषणहरु यस योजना निर्माणमा अपनाईएको प्रक्रियाहरु हुन्। योजना तर्जुमा गर्दा गौर नगरपालिकाको सवै क्षेत्रबाट प्रतिनिधित्व हुने गरी सवै सरोकारवालाको सहभागितालाई सुनिश्चित गरिएको छ। विगतका वर्षहरुको विपद्को अवस्थाहरुको वारेमा विश्लेषण गरीएको छ। गौर नगरपालिकाको सामाजिक आर्थिक तथा धार्मिक अवस्थाको विश्लेषण तथा नगरपालिकाको सम्पुर्ण वडाहरुको प्रतिनिधित्व गराई तथ्याङ्क संकलन गरिएको छ। कार्ययोजनामा मुख्यतया भूकम्प, बाढी, आगलागी, स्वास्थ्य समस्या, सडक दुर्घटना, हावाहुरी, चट्याङ्ग, शितलहर, जंगली जनावर आतंक, आदि विपद् पुर्व, विपदको समय, र विपद् पश्चात गर्नुपर्ने पूर्वतयारी, विपद् जोखिम न्यूनिकरण, विपद् प्रतिकार्य तथा पूनरलाभका गतिविधिहरु, तौर तरिका, जिम्मेवारी र कार्य प्रक्रियालाई समेटेर यो योजना निर्माण गरिएको छ।




## १.७ योजना कार्यान्वयन रणनीति :

नेपाल सरकारको विपद् ब्यवस्थापन ऐन २०७४, कानून, नीति तथा निर्देशिकाले निर्देशित गरे अनुरुप तथा गौर नगर पालिकाको विकास योजना अनुसार विकासका गतिविधिहरु संचाललनका क्रममा विपद् जोखिम न्यूनिकरणलाई मूल प्रवाहिकरण गरीदिगो विकासका माध्यमबाट यस योजनाको कार्यन्वय गर्ने मूल रणनीति रहनेछ। आन्तरिक तथा बाह्य स्रोतको पहिचान र परिचालनका माध्यमबाट प्राथमिकता प्राप्त न्यूनिकरणका योजना, आवश्यक दक्ष जनशक्तिको तयारी सामाग्रीगत तयारी र आर्थिक ब्यवस्थापनका मूख्य क्षेत्रलाई प्राथमिकता र आवश्यकताका आधारमा संचालन गर्ने योजना कार्यान्वयनको मूल रणनीति रहनेछ। यसका अलवा दिर्घकालिन योजनाहरुका लागि आवश्यकता अनुसार छुट्टै कार्यसंचालन रणनीति तर्जुमा गरी योजनाको मुल उद्देश्यलाई प्राप्त गरिने रणनीति लिइनेछ। यस योजनालाई मूर्तरुपदिन निम्नानुसारका तत्कालिन नीति अंगिकार गरिएको छ।

- योजनालाई गौर नगरपालिकाको नगरसभाबाट अनुमोदन गराई वैधानिकता प्राप्त गरी कार्यान्वयन गरिनेछ।
- शिक्षा तथा सचेतना विना विपद् न्यूनिकरण तथा दिगो विकास सम्भव छैन भन्ने मान्यतालाई अंगिकार गरी, विपद् ब्यवस्थापनका सबै तहरुमा सुचना, शिक्षा तथा संचारको विकास र विस्तारमा जोड दिईनेछ।
- नगरपालिका तथा वडास्तरमा आवश्यकता अनुसारका दक्ष जनशक्तिको विकास, तालिम तथा क्षमता अभिबृद्धिका लागि विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा कार्यरत सरोकारवाला राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/संस्थाहरुको सहभागिता र सहकार्यमा जोड दिइने छ।
- विपद् जोखिम न्यूनिकरण र पूर्वतयारीलाई प्राथमिकता र आवश्यकताका आधारमा वडा तथा समुदाय तहसम्म विकेन्द्रकृत गरी संचालन गरिनेछ।
- जिल्ला विपद् ब्यवस्थापन तथा स्थानिय वडा विपद् ब्यवस्थापन समितिहरुको प्रत्यक्ष समन्वय तथा सहकार्यमा विपद्को समयमा तालिम प्राप्त दक्ष जनशक्तिहरुलाई परिचालन गरिनेछ।
- योजना कार्यान्वयनको लागि नगरपालिकाको आन्तिरिक वजेट ब्यवस्थापन, सरकारी कार्यालय, जिल्ला समन्वय

समिती, प्रदेश सरकार, मन्त्री तथा सांसदहरु तथा अन्य दातृ निकायरुसँग समन्वय गरिने छ।

- स्थानीय ज्ञान, शिप, प्रविधी र श्रोत तथा साधनको अधिकत्तम उपयोग गरी विपद् जोखिम तथा जलवायु उत्थानशिल योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ।

## १.८ योजनाको अनुगमन, मुल्याङ्कन तथा पुनरावलोकन :

यस योजनाको प्रभावकारी कार्यान्वय तथा लक्ष्य प्राप्तीका लागि गौर नगरपालिकाको सहयोग र स्थानिय विपद् तथा जलवायु उत्थानशिल समितिको सहकार्यमा विभिन्न तह तथा निकायहरुबाट नियमित अनुगमन तथा सुपरिवेक्षण, पूनर ावलोकन तथा समिक्षा र मूल्याङ्कन गरिनेछ भने स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जूमा निर्देशिकाको भाग २ को चरण ५ मा उल्लेख भएअनुसार प्रत्येक ५ वर्षको अवधिमा पुनरावलोकन तथा परिमार्जन गरिनेछ।

- योजनाको कार्यान्वयन भए नभएको स्थानीय विपद् तथा जलवायू उत्थानशिल समिति, नगरपालिका, जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, यूएनएफपिए र नेपाल रेडक्रस सोसाइटी तथा अन्य साझेदार निकायहरुबाट नियमित अनुगमन तथा सुपरीवेक्षण र समिक्षा गरिनेछ।
- गौर नगरपालिकाबाट बार्षिक नीति तथा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्दा स्थानीय विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयनको समेत नियमित अनुगमन तथा मुल्याङ्कन गरिनेछ।
- गौर नगरपालिका तथा स्थानीय विपद् व्यवस्थापन समितिले स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाको कार्यान्वयनको नियमित अनुगमन तथा मुल्याङ्कन गरिनेछ।
- विपद् जोखिम व्यवस्थापन योजना कार्यान्वयन गर्ने संस्थाहरुले आफ्नो अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन सम्बन्धित निकाय, स्थानीय निकायमा पेश गरिने छ।
- योजनाको बार्षिक रुपमा आवश्यकता अनुसार अध्यावधिक तथा परिमार्जन गरिने छ।
- प्रत्येक बर्ष गौर नगरपालिकाको आयोजनामा एक समीक्षा गोष्ठीको आयोजना गरी योजना अनुगमनमा देखिएका कमी कमजोरीको सुधार गरिने छ।
- अनुगमन मुल्याङ्कन गर्दा स्थानीय वडा तथा समुदायको राय सुझावलाई आधार मानिने छ।
- योजनाको प्रभावकारीताको अध्ययनको लागि हरेका वर्ष गौर नगरपालिका स्तरमा एक कृत्रिम घटना अभ्यास संचालन गरिनेछ।

# खण्ड-२ प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

## २.१ प्रकोपको पहिचान तथा स्तरीकरण :

प्रकोप संकटासन्नता तथा क्षमताको विश्लेषण अन्तर्गतको महत्वपूर्ण औजार प्रकोप पहिचान तथा स्तरिकरण अनुसार नगर पालिकाको भौगोलिक अवस्था, उपलब्ध क्षमता र संकटासन्ताका आधारमा प्राय सवै वडा तथा समुदायका प्रकोपहरु मिल्दाजुल्दा छन् । वडाहरुको संकटासन्नता तथा क्षमता विश्लेषणको समयमा गरिएको समुदायसंगको छलफल तथा सूचना र सोही अवसरमा तयार गरिएको वडाको जोखिम नक्सांकनको आधारमा ९ वटै वडाको प्रकोप स्तरीकरणलाई नगरपालिकाको योजना तर्जुमा कार्यशालामा सहभागी समुदायका प्रतिनिधिहरुको समेत छलफलबाट समग्र गौर नगरपालिकाको प्रकोपलाईस्तरीकरण गरिएको छ । संकटासन्नता तथा क्षमता विश्लेषण तालिम प्राप्त प्रतिनिधिमूलक समूहकार्य, वडा स्थानिय विपद् तथा जलवायु उत्थानशिल समितिको छलफल र निर्णय, स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा उप समितिसँगको अन्तरक्रिया र नगरपालिका स्तरिय स्थानिय विपद् तथा जलवायु उत्थानशिल समितिसँगको अन्तरक्रिया र समूहकार्यका आधारमा प्रकोपको पहिचान तथा स्तरिकण गरिएको छ। नगरपालिकाको विपद् को ऐतिहासिक विवरण, समुदायको अनुभव, वर्तमान जोखिमको अवस्था र संकटासन्नताको आधार, प्रकोप तथा यसका जोखिमहरु र जलवायू परिवर्तनको प्रभावलाई विश्लेषण गर्दा मुख्य रुपमा भूकम्प, बाढीरडुवानरकटान,स्वास्थ्य समस्या (झाडापखाला, डेन्गु, आँखा तथा छाला जन्य रोगहरु,महिला प्रजनन स्वास्थ्य) सडक दुर्घटना, आगूऔषध दूर्व्यसनी, आगलागी, सर्पदंश, हावाहुरी, कुकुरटोकाई, चट्याङ, असिना, सितलहर, तातोहावा (लु), जंगली जनावरको समस्या, सुख्खा खडेरी जस्ता प्रकोपको जोखिम बढी रहेको पाइन्छ भने आनतरिक द्धन्द्ध, घरेलु हिंसा, र विभिन्न वाली रोगहरु समेतले जनजिवन प्रभावित गर्ने रहेको छ ।

यस विश्लेषणले नगरमा १३ वटा विभिन्न प्रकोपहरु रहेको र सोको जोखिम फरक फरक वडाहरु तथा समुदायको सम्मुखता रहेको पाईन्छ । यो योजनाले समग्र नगरपालिका लाई सम्वोधन गर्ने भएकाले मुख्य मुख्य यीनै १३ वटा प्रकोप तथा समस्यालाई स्तरिकरण गरिएको छ । यस अन्तर्गत बाढीरडुवानरकटान प्रमुख प्रकोप तथा समस्याको रुपमा देखिएको छ, भने शितलहर दोस्रो समस्याका रुपमा स्तरिकरण भएको छ । बढ्दो सवारी चापका कारण हुने गरेको सवारी दुर्घटना र आगलागीलाई तेस्रो जोखिमका रुपमा लिइएको छ यसरी नै विगतको प्रभाव र भविश्यमा पार्न सक्ने असरका आधार मा सर्पदंश र खडेरीलाई चौथो, हुरीबतास र स्वास्थ्य समस्यालाई पाँचौ, असिना छैठौ, कुकर टोकाईको समस्या सातौ, आन्तरिक द्धन्द्ध र जंगली जनावरको समस्या आठौमा र चट्याङ्गलाई नवौमा स्तरिकरण भएको छ । नेपालको भौगोलिक अवस्थिती, नेपालको विगतको अनुभव र भविश्यमा हुन सक्ने सम्भावनाको आंकलन र नेपाल सरकार को नीतिगत ब्यवस्था अनुसार भूकम्पको जोखिमलाई स्तरिकरणमा नराखिएता पनि यस जोखिमलाई पहिलो जोखिमको रुपमा लिइएको छ ।

| प्रकोप/समस्या | बाढी, डुवान, कटान | सडक दुर्घटना | सर्पदंश | कुकुर टोकाई | आगलागी | शितलहर | खडेरी | असिना | चट्याङ्ग | हुरीबतास | आन्तरिक द्वन्द्व | जंगली जनावर | स्वास्थ्य समस्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी, डुवान,कटान | | बाढी, डुवान, | बाढी, | बाढी, डुवान, | बाढी, | बाढी, | बाढी, | बाढी, | बाढी, | बाढी, | बाढी, डुवान, | बाढी, डुवान, | बाढी |
| सडक दुर्घटना | | | सडकदुर्घटना | सडक दुर्घटना | आगलागी | शितलहर | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना |
| सर्प टोकाई | | | | सर्पदंश | आगलागी | शितलहर | सर्पदंश | सर्पदंश | सर्पदंश | सर्पदंश | सर्पदंश | सर्पदंश | स्वास्थ्य समस्या |
| कुकुर टोकाई | | | | | आगलागी | शितलहर | खडेरी | असिना | कुकुर टोकाई | हुरीबतास | कुकुर टोकाई | कुकुर टोकाई | स्वास्थ्य समस्या |
| आगलागी | | | | | | शितलहर | खडेरी | आगलागी | आगलागी | आगलागी | आगलागी | आगलागी | आगलागी |
| शितलहर | | | | | | | शितलहर | शितलहर | शितलहर | शितलहर | शितलहर | शितलहर | शितलहर |
| खडेरी | | | | | | | | खडेरी | खडेरी | हुरीबतास | खडेरी | खडेरी | खडेरी |
| असिना | | | | | | | | | असिना | हुरीबतास | असिना | असिना | स्वास्थ्य समस्या |
| चट्याङ्ग | | | | | | | | | | हुरीबतास | आन्तरिक द्वन्द | जंगली जनावर | स्वास्थ्य समस्या |
| हुरीबतास | | | | | | | | | | | हुरीबतास | हुरीबतास | स्वास्थ्य समस्या |
| आन्तरिक द्वन्द्व | | | | | | | | | | | | जंगली जनावर | आन्तरिक द्वन्द्व |
| जंगली जनावर | | | | | | | | | | | | | स्वास्थ्य समस्या |
| स्वास्थ्य समस्या | | | | | | | | | | | | | |
| जम्मा अङ्क | १२ | ९ | ७ | ३ | ९ | ११ | ७ | ४ | ० | ६ | २ | २ | ६ |
| स्तर | १ | ३ | ४ | ७ | ३ | २ | ४ | ६ | ९ | ५ | ८ | ८ | ५ |

## २.२ प्रकोप विश्लेषण :

नगरपालिकामा भएको भौतिक, सामाजिक र धारणगत संकटासन्नता र कमजोर क्षमताका कारण बहुप्रकोपको अवस्थामा रहेको छ। बाढीरडुवानरकटान यस नगरको मुख्य प्रकोप तथा समस्याको रुपमा रहेको छ। बकैया नदी र बाग्मती नदीको विचमा अवस्थित नगरपालिका समथर भू धरातल, उचित पानीको निकास नभएका कारण वर्षेनी बाढी, डुवान तथा कटानको समस्याबाट प्रभावित रहने गरेको छ। नेपाल भारत दगजा देखि ५० देखि १०० मिटरको दुरीमा १० देखि ३० फिट उचाई १५ देखी ५० फिट चौडा भएको बाँधको निमार्ण गरी ठाउँ ठाउँ मा सुलीसगेट (केमारा ) लगाइ आफनो आवश्यक्ता अनुसार भारतले पानीको प्रयोग गर्ने र वर्षाको समयमा पानी निकासमा अवरोध सिर्जना हुने गर्दा यस नगरपालिका प्राय वर्ष डुवानमा पर्ने गरेको छ जसले ठूलो संख्यामा बालीनाली, बसोबास तथा पशुचौपायामा प्रत्यक्ष असर गर्ने गरेको छ भने स्वास्थ्य र आजिविकामा प्रतिकुल असर गर्ने गरेको पाइन्छ। यस समस्याले वडा नं. १, २, ३, ४, ७ र ८ उच्च जोखिम र अन्य वडाहरु मध्यम जोखिममा रहेको देखिन्छ।

बढ्दो शहरीकरण, भवन निर्माण आचार संहिताको पालनामा कमी, सचेतनामा कमी, पूर्व तयारीका गतिविधिहरुमा कमी जस्ता कारणले भूकम्पको जोखिम दिनानुदिन थपिदो क्रममा रहेको छ। यस प्रकोपबाट सार्वजनिक तथा नीजि भौतिक संरचनाहरु बढी जोखिममा रहेका छन् जसले मानिसको मृत्यु तथा घाईते हुने, स्वास्थ्यमा प्रत्यक्ष असर हुने, आजिविकामा समस्या जस्ता जोखिमहरु उच्च रहेको छ। सचेतनाको अभाव, लापरवाही र एकै स्थानमा जोडिएर बनेका घरहरु, प्रजलनशिल निर्माण सामाग्रीको प्रयोगबाट बनेका घरहरु, परम्परागत सोच, गुइठाँलाई इन्धनका रुपमा प्रयोग गरिने परम्परा र असुरक्षित विद्युत प्रयोजन गर्ने अभ्यासका कारण आगलागी नगरको अर्को प्रकोपको रुपमा रहेको छ। बढ्दो जनसंख्या, नियमित सरसफाईको अभाव, शौचालय प्रयोगमा कमी, अब्यवस्थित ठोस तथा तरह फोहर ब्यवस्थापन संयन्त्र, ढल निकासको समस्या, पानी निकासको समस्याबाट सिर्जत डुवानको समस्या, मौसममा आएको फरकपना, खानपीन ब्यवहारमा आएको परिवर्तन, खुला खाद्य पदार्थको वेचविखन तथा प्रयोग, सचेतनामा आभाव र सेवा पहुँचमा अभाव जस्ता कारणले विभिन्न समुदायहरु स्वास्थ्य समस्याबाट गुज्रेको पाइन्छ जसले झाडापखाला, डेन्गु, आखाँ तथा छालाजन्य रोगहरु र प्रजनन स्वास्थ्य जस्ता समस्याहरुको लाई थप समस्याको रुपमा सिर्जना गरेको छ।

परिवार नियोजन प्रतिको नकरात्मक सोच, महिनावारी ब्यवस्थापनमा कमजोरी तथा नकरात्मक अवधारणा, प्रजनन स्वास्थ्य प्रति सचेतनामा अभाव तथा सार्वजनिक तथा घरायसी तहको सेवा पहुँचमा अभावले गर्दा प्रजनन उमेरका महिला तथा किशोरीहरुको स्वास्थ्य समस्या थप समस्याको रुपमा रहेको छ। बिपदको अवस्थामा घरेलु तथा लैंगिक हिंसा बढन सक्ने सम्भावना पनि रहेको छ। बढ्दो सवारी चाप, अब्यवस्थित सवारी पार्किङ, ट्राफिक नियमबारेको सचेतनामा कमी तथा लापरवाही, साघुँरा सडक र सडक पुननिर्माण तथा सुधारमा कमजेरीका कारण सडक दुर्घटना नगरको अर्को समस्याको रुपमा रहेको छ। नगरमा सरसफाईको कमी, ढल निकासकोअभाव तथा ढुवान समस्या र सेवा पहुँचमा अभावका कारण सर्पदंश यस नगरपालिकाको अर्को समस्याको रुपमा देखा परेको छ। मौसमा आएको परिवर्तनका कारण विगत ५-६ वर्ष यताबाट बढ्न गएको चिसोपना र जाडो समयमा भएका वृद्धिका कारण, मौसमी सुचना पहुँचमा अभाव र पूर्वतयारीको कमीले शितलहर यस नगरको अर्को प्रमुख समस्याको रुपमा देखा परेको छ। यस्तै मौसमि हावाहुरी, चट्याङ्ग र असिनाले मानीस तथा अन्नबालीमा पार्ने प्रभावका कारण यी समस्याहरुले नगरको आजिविकामा प्रत्यक्ष प्रभाव गर्ने गरेको देखिन्छ। खुला तथा सडक खाद्यपदार्थको वेच विखन तथा सरसफाईको कमीका कारण नगरमा फैलिएको छाडा कुकुरले नगरको सुन्दरता तथा मानीसहरुलाई आक्रमण गर्ने तथा स्वास्थ्य समस्या सिर्जना गर्ने जोखिम वृद्धि भएको देखिन्छ भने जंगली जनाबर (नील गाई, बाँदर र बदेल) ले अन्नबाली तथा मानीसलाई समेत आक्रमण गर्ने अर्को नगरको समस्या देखिएको छ।

| क्र. सं. | समस्या अथवा प्रकोप | कारण | कारक तत्व | प्रभाव | जोखिम न्यूनीकरणका लागि पहिचान भएका उपाय |
|---|---|---|---|---|---|
| १ | भूकम्प | सचेतनाको अभाव, कमजोर संरचना निर्माण, पूराना संरचनाहरु, नीति कार्यान्वयनमा समस्या, क्षमताको अभाव, पूर्वतयारीको कमी अव्यवस्थित शहरीकरण बसाई सराईको चाप | भौगोलिक अवस्थिती भू-धरातलको वनोट परम्परागत मान्यता, अवसरको कमी, नीतिगत अस्थिरता (भौतिक, सामाजिक, धारणगत) | घाईते, मृत्यु, भौतिक संरचानाको नष्ट, पशुचौपाया क्षती, प्राकृतिक सम्पदा ध्वस्त, आर्थिक अभाव, खाद्य समस्या, आन्तरिक द्वन्द्ध, महिला हिंसा | सुचना शिक्षा समाग्रीको विकास र वितरण, विद्यालय शिक्षा कक्षा, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, नीति निर्माण, नीति कार्यान्वयन, पुर्व तयारी (सिप, साधान र स्रोत), प्राथमिक उपचार, खोज तथा उद्धार तालिम तथा समाग्रीको व्यवस्थापन, आकासिमक कोष व्यवस्थापन, भवन आचारसंहिताको पालना, सुरक्षित स्थान पहिचान, प्रवलिकरण तथा भुकम्प प्रतिरोधात्मक नीजि तथा सार्वजनिक संरचनाको निर्माण, सडक विस्तार तथा विकास, कृत्रिम घटना अभ्यास, |
| | बाढी, डुवान,कटान | नदि किनारमा बस्ती, सचेतनाको अभाव, पूर्वसुचनाको कमी, प्राकृतिक स्रोतको दोहन, वन विनास, अव्यवस्थित बसाई सराई, अविरल वर्षा, | कमजोर भु वनोट, भिरालो जमिन, अवसरको कमी, नीतिगत अस्थिरता (भौतिक, सामाजिक, धारणगत) | घाईते, मृत्यु भौतिक, संरचानाको नष्ट पशुचौपाया क्षती प्राकृति सम्पदा, खेतीयोग्य जमिन क्षती, झाडापखला, छालारोग, खाद्य आभाव, कुपोषण, महिला हिंसा, | वृक्षारोपण तथा वन फडानी रोक्ने सुचना शिक्षा समाग्रीको विकास र वितरण, विद्यालय शिक्षा कक्षा, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, पूर्व सुचना प्रणालीको विकास, अभिवृद्धि, न्यूनिकरणको उपायको स्थापना, सुरक्षित स्थानको पहिचान गर्ने पुर्व तयारी (सिप, साधान र स्रोत) प्राथमिक उपचार, खोज तथा उद्धार तालिम तथा समाग्रीको व्यवस्थापन, आकास्मिक कोष व्यवस्थापन, कृत्रिम घटना अभ्यास, सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार |
| | स्वास्थ्य समस्या (झाडा पखाला, डेन्गु, आँखा तथा छालाजन्य रोग र प्रजनन स्वास्थ्य) | सचेतना आभाव, ढल निकासमा समस्या तथा नहुनु, ठोस तथा तरल फोहोर व्यवस्थापनमा कमी खुला दिसा पिसाव, प्लाष्टिक जन्य पर्दार्थको प्रयोग, जंगफुडको प्रयोगमा बृद्धि, ढल निकासमा अवरोध, र वातावरण प्रदुषण, स्वास्थ्य सेवा पहुँचमा कमी, सार्वजनिक शौचालयमा कमी तथा व्यवस्थापन अभाव, विद्यालयमा छात्र छात्राको लागि अलग शौचालयको अभाव, परिवार नियोजनमा गलत अवधारणा, छोरा र छोरीमा असमान व्यवहार, स्वास्थ्य सम्वन्धि परम्परागत धारणा, | परम्परागत धारणा, नीतिगत अस्थिरता, स्वास्थ्य सेवाबारे जानकारीको अभाव (सामाजिक, धारणगत) | मृत्यु, पारिवारीक तनाव, आर्थिक व्ययभार, खाद्य आभाव, कुपोषण, बाल तथा मातृ मृत्यु, महिला हिंसा, | विभिन्न सरुवा रोगको वारेमा सुचना शिक्षा समाग्रीको विकास र वितरण, विद्यालय शिक्षा कक्षा, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, खानेपानी शुद्धिकरण, पारिवारीक तथा सार्वजनिक शौचालयको व्यवस्था, पुर्व तयारी (दक्ष जनशक्ति, औषधी, प्रजनन स्वास्थ्य सामाग्री) ढल निकासको उचित प्रबन्ध, फोहर संकलन तथा व्यवस्थापनको प्रवन्ध, फोहर संकलन र विसर्जनको स्थानको पहिचान स्थानिय टोल विकास संस्थाको परिचालन र उचित व्यवस्थापन, सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार |
| | सडक दुर्घटना | सडक सुरक्षा जचेतनामा कमी, सडक मर्मत सम्भारको कमी छाडा पशुचौपाया, बाटो पार गर्ने उचित प्रवन्धको | भौगोलिक विकटता, साघुँरा तथा कच्ची सडक, नीतिको पालना अभाव, लापरवाही | घाईते, अपाङ्गता, मृत्यु, भौतिक संरचानाको नष्ट पशुचौपाया क्षती, आर्थिक क्षती | सामुदायिक तथा विद्यालय कक्षा, सुचना शिक्षा समाग्रीको विकास र वितरण, रेडियो तथा मोवाइल सुचना प्रणालीको विकास, नीतिगत कार्यान्वयनमा कडाई, सडक स्तरोन्ती तथा नयाँ निर्माण, सडक सुरक्षा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कमी,<br>क्षमता भन्दा बढी भार बोक्नु<br>मादक प्रदार्थ सेवन गरि सवारी चलाउँनु<br>पुराना सवारी साधान र सवारी परिक्षण विना संचालन गर्नु । विद्यालय सडक नजिक तथा सडक पार गरी विद्यालय जानु पर्ने अवस्था, | (भौतिक, सामाजिक, धारणागत) | | संकेतहरुको मर्मत तथा निर्माण र स्थापना, पुर्व तयारी (सिप, साधान र स्रोत)<br>प्राथमिक उपचार, सेवा प्रदायक सम्वन्धि आकास्मिक सम्पर्कको प्रचार प्रसार |
| | सर्प टोकाई | घरवरपर सरसफाईको कमी, सजगतामा कमी, उपचार सेवाको पहुँचमा कमी, लापरवाही, ताल तलैया तथा लामो समय पानी जमेर बस्ने स्थानका वरपर वस्ती | परम्परागत धारण, कमजोर आर्थिक अवस्था, हेलचत्र्काई (धारणगत, सामाजिक) | घाईते, अपाङ्गता, मृत्यु, आर्थिक क्षती, पारिवारीक तनाव | घरायसी तथा सामुदायिक सरसफाई अभियान, उपचार सेवामा स्तरोन्ती, पानी निकासको व्यवस्थापन, स्थानिय स्तरमा प्राथमिक उपचारको दक्षजनशक्ति तथा आकश्मिक सामाग्रीको व्यवस्थापन, |
| | कुकुर टोकाई | छाडा कुकुरहरुको संख्यामा वृद्धि, खाद्य परिकारहरुको खुला विक्रि वितरण, खाद्य पर्दाथहरु खुला रुपमा फाल्ने बानी, संरक्षण तथा नियन्त्रण उपायहरुमा कमी, | परम्परागत सोच, जनउत्तरदायित्वमा ह्रास (समाजिक, धारणगत) | घाईते, मृत्यु, महामारी, यात्रामा कठीनाई, आर्थिक क्षती | कुकुर वन्ध्याकरण अभियान, खुला खाद्य परिकार विक्री वितरणमा व्यवस्थापन, विरामी कुकुरहरुको पहिचान र उपचार अभियान, खाद्य फोहर व्यवस्थापनमा जोड |
| | आगलागी | सचेतनाको अभाव, आगोजन्य निर्माण सामाग्रीको प्रयोग, परम्पराबादी बसोबास, सुख्खा मौसम, हुरीवतास, लापरवाही, अव्यवस्थित विद्युतिकरण, केटा केटीको पहुँचमा आगजन्य बस्तु राख्नु, परम्परागत सोच, हेलचक्राई, | परम्परागत धारण, जंगल नजिक वस्ती, कमजोर आय स्रोत, परम्परागत भौतिक संरचना (भौतिक, सामाजिक, धारणागत) | जनधनको क्षति ,वन्य पशु चौपायाको क्षति,भौतिक संरचनाको क्षती, विस्थापन, बसाईसराई र, मानिसहरु घाइते अपाङ्ग हुने । | आगोजन्य बस्तु राख्नमा होसीयारी, विभिन्न तालिम तथा गोष्ठीबाट दक्ष जनशक्ति तथा जनचेतनामा वृद्धि, पुर्व तयारी, पोखरी तथा ट्यांकीको निर्माण, सुरक्षित बसोबासको व्यवस्था, अग्नी रेखाको निर्माण, दमकलको सेवामा वृद्धि, आग नियन्त्रणटोली गठन, दक्षता वृद्धि तथा परिचालन |
| | शितलहर | वातावरणमा आएको परिवर्तन, आर्थिक कमजोरी, पूर्वतयारीको अभाव | धारणागत सामाजिक र भौतिक | मृत्यु, वालीनाली तथा पशुपक्षीमा प्रभाव, खाद्य अभाव, स्वास्थ्यमा प्रभाव | पूर्वतायरीका उपायहरुको जोहो (दाउरा, खाद्य सामाग्री, तातो कपडा) मौसमी ासुचना प्रणालीको विकास र विस्तार, स्थानिय टोल विकास संस्थाको परिचालनका माध्ययमबाट सचेतना अभियानको संचालन |
| | खडेरी | वन जंगलको विनास, उचित सिचाई व्यवस्थापनमा कमी, परम्परागत खेती प्रणाली, बातावरणमा आएको परिवर्तन, आगलागी, पानीका स्रोतहरु सुक्दै जानु, पानीको सतह घट्दै जानु, प्राकृतिक स्रोतको अनुचित र अत्याधिक प्रयोग | धारणागत, समाजिक र भौतिक | उत्पादनमा कमि, खाद्य अभाव,<br>खानेपानीको समस्या,<br>झाडापखला,<br>छालारोग, आँखा संक्रमण जस्ता विभिन्न स्वास्थ्य समस्याहरु, | बृक्षारोपण, वन जंगलको संरक्षण अभियान, आवश्यकताको पहिचान अनुसार को सिचाई योजना निर्माण र संचालन, वैकल्पिक खेती प्रणालीको विकास र विस्तार,<br>बेमौसमी खेतीमा प्रोत्साहन, पानीका स्रोतहरुको पहिचान र संरक्षण, |
| | असिना | अतिवृष्टी, भूमण्डलीय तापक्रममा भएको बृद्धि, | भौतिक | घाईते, बालीनालीमा असर, खाद्य समस्या, | आधुनिक खेतीप्रणलीको विकास र विस्तार, वैकल्पिक वालीको अभ्यास, मौसमि सुचना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वातावरणमा आएको परिवर्तन | | जिविकोपार्जनमा असर, | संचारको प्रचार प्रसारमा जोड |
| | चट्याङ्ग | अग्ला भौतिक संरचनाहरु, अव्यवस्थित विद्युतीय तथा सञ्चार सञ्जाल, वन नजिकका बस्ती, सचेतनामा अभाव, अर्थिङ गर्ने परिपाटीको कमी, | धारणागत, भौतिक | घाईते, मृत्यु, आगलागी, बालीनाली तथा पशुपक्षीलाई प्रभाव | भवन निर्माण आचार संहिताको परिपालनमा जोड, संचार तथा विद्युतिय सञ्जालको उपयूक्त व्यवस्थापन, अर्थिङ प्रणालीको शुनिश्चितता, प्राथमिक उपचारको सिप र समाग्रीको व्यवस्थापन, आकाश गर्जिदा संचार तथा विधुतिय उपकरणको प्रयोग नगर्ने बानी विकासका लागि सचेतन |
| | हुरीबतास | कमजोर निर्माण, परम्परागत खेती प्रणाली, वन फडानी, भौगोलिक अवस्थिती मौसममा आएको बदलाव | भौतिक, सामाजिक र धारणागत | घाईते, अपाङ्गता, मृत्यु, भौतिक संरचना नष्ट ( घर तथा सार्वजनिक भवनहरुको छाना उडाउनु)अन्न बालीहरु नष्ट हुन, आगलागी हुनु, खाद्य अभाव, स्वास्थ्य समस्या, गरीबी | उचित भौतिक संरचना निर्माणमा जोड, हावाहुरी प्रतिरोधि निर्माण सिप विकास, बैकल्पिक बालीको विकास, मौसमी सुचना प्रणलीको विकास, सुरक्षित उपायहरुको प्रचार प्रसार, सुचना शिक्षा, संचार सामाग्रीको विकास र विस्तार, प्राथमिक उपचार सिप र सामग्रीको व्यवस्था, बृक्षरोपण |
| | आन्तरिक द्वन्द्व | सामाजिक अस्थिरता, नीति कार्यान्वयनमा असमानता, राजनैतिक तथा धार्मिक असमजदारी, आर्थिक समस्या, विभिन्न विपद्का घटनाहरु, खाद्य अभाव, बेरोजगारी | सामाजिक र धारणागत | आन्तरिक कलह, विरोध तथा आक्रमण, घाइते तथा मृत्यु, कानूनको अवज्ञा, सामाजिक त्रास, बसाई सराई, | नीति निर्माण सामुदायिक सहभागिता, पारदर्शिता, समाजिक न्याय, सहभागितात्मक विकास योजना तथा कार्यान्वयन, प्राथमिकताको आधारमा सामाजिक सेवा तथा योजनाहरुको वितरण, सामाजिक समावेशीलाई प्राथमिकता |
| | जंगली जनावर | बस्ती नजिक जंगल तथा वन, वन फडानी, जंगलमा मानविय हस्तक्षेप, जंगलमा खाद्य अभाव, विस्तारित वस्तीका कारण वन अतिक्रमण | धारणगत, भौतिक, सामाजिक | घाइते, मृत्यु, स्वास्थ्यमा प्रतिकुल प्रभाव, खाद्यान्न बालीमा असर, | वन क्षेत्रमा घेराबार लगाउने, वन फडानी तथा चोरी निकासीमा बन्देज, जंगली जनावरको आहारजन्य वृक्षारोपण, समुदाय तथा बजारक्षेत्र प्रवेश गरेको जनावरहरुलाई जंगलतर्फ धपाउने समूह निर्माण र परिचालन |

## २.३ सङ्कटासन्नता स्तरीकरण :

गौर नगरपालिकामा रहेको क्षमताका अभावका कारण विभिन्न वडा, समुदाय तथा बस्तीहरुमा भिन्न भिन्न प्रकारका संकटासन्नताहरु रहेको पाईन्छ । बहुप्रकोपको सम्मुखतामा रहेका विभिन्न वडाहरुमा रहेको संकटासन्नताको तत्वलाई विश्लेषण गर्दा भौतिक, सामाजिकर धारणागत संकटासन्नताहरु रहेको पाईन्छ भने प्रकोपगत संकटासन्नता अनुसार जोखिमको अवस्थापनि फरक फरक रहेको छ । अव्यवस्थित शहरीकरण, बद्दो शहरकेन्द्रीत बसाई सराई, कमजोर भौतिक संरचनाको निर्माण, भवन निर्माण आचार संहिताको पालना नहुँनु, पूर्वतयारीका कार्यहरुमा कमी, सचेतनामा कमी जस्ता कारणले भूकम्पप्रतिको संकटासन्नतामा वृद्धि गराएको छ । यस्तै बसाईसराई, अब्यवस्थित बसोबास, नदि किनारका बस्ती तथा खेतियोग्य जमिन, सिमानामा बाधिएको बाँधका कारण हुने गरेको पानी निकासको अवरोधले सिर्जना गरेको डुवान, बाताबरणमा आएको परिवर्ततनका कारण हुने गरेको अतिवृष्टि, प्राकृतिक साधनको दोहन र जोखीम न्यूनिकरण तथा पूर्वतायरी कार्यहरुको कमी र अब्यवस्थित विकास निर्माणका कार्यका कारण नगरका प्राय सबै वडाहरु बाढी, कटान तथा डुवानमासंकटासन्न रहेको छ ।

बाताबरणमा आएको परिवर्तन, खानपानमा आएको परिवर्तन, सचेतनाको अभाव, सेवा पहुँचमा अभाव, शुद्ध खानेपानीमा असमान पहुँच खानेपानी परिक्षण तथा शुद्धिकरण अभ्यासको कमी, विद्युतिय संचारहरुको सहज पहुँच, उचित ढल निकासीको अभाव, प्लाष्टिकजन्य सामाग्रीको बढी प्रयोग, तरल तथा ठोसजन्य फोहर ब्यवस्थापनको कमी, खुला खाद्य सामाग्रीको बेचविखन तथा प्रयोजन, सार्वजनिक स्थानहरु बाल, किशोरी, अपाङ्ग तथा महिलामैत्री नहुँनु र उनीहरुको

विशिष्टकृत आवश्यकता परिपूर्णतामा अभाव जस्ता कारणले स्वास्थ्य समस्याको (झाडापखला, डेनु, प्रजनन स्वास्थ्य, आँखा तथा छाला जन्य रोगहरु) संकटासन्नता वृद्धि भएको छ। बिरामी अवस्थामा स्वास्थ्य संस्था भएतापनि ठिक हुन्छ भनेर घरमानै बस्ने, झारफुक तथा धामी झाँक्री विश्वास, व्यक्तिगत तथा घरायसी सरसफाईमा कमी, अव्यवस्थित पशुपालन, शौचालय प्रयोगमा कमी, छाडा कुकुरको ब्यवस्थापन अभाव, जसको कारण दुर्गन्ध र झिंगा किराहरु फैलने, सरुवा रोग तथा झाडापखाला जस्ता रोगले असर गर्ने, ब्यवस्थित ढल निकासा अभाव जस्ता कारणले स्वास्थ्य तथा सरसफाईमा थप संकटासन्नता बढेको छ जसले गर्दा समुदायहरुको जोखिम बढ्दै गएको पाईन्छ। उमेर अवस्था, सचेतनाको कमी सेवा पहुँचमा वाधाका कारण बालबालिका वृद्धवृद्धा तथा किशोर किशोरीहरु निमोनिया तथा रुघाखोकी, आँखा तथा छालाजन्य समस्या, झाडापखाला, डेनु र प्रजनन स्वास्थ्य समस्यामा बढी संकटासन्न रहेका छन्।

समुदायमा आगलागी, हावाहुरी र खडेरी जस्ता समस्याले बढि दुःख दिन थालेको पाईन्छ। अचानक ठुलो हावाहुरी चल्नु, घरको छाना बलियो नहुनु, घरको छाना खरको हुनु जस्ता कारणले गर्दा हावाहुरीको प्रकोपमा वस्तीहरुमाभौतिक संकटासन्नता बढी देखिन्छ। सिंचाई संयन्त्र प्रभावकारी नहुनु, समयमा पानी नपर्नु, सुख्खा मौषमको अवधि बढ्नु जस्ता कारणले खडेरीको संकटासन्नता थपेको छ भने शुख्खा समयले तापक्रम भएको वृद्धिका कारण तातो हावा चल्ने, गर्मी अत्याधिक भई स्वास्थ्यमा समेत प्रतिकुल असर गरेको छ। यस प्रकारको संकटासन्नताको कारण सबै भन्दा बढि जिविकोपार्जनका माध्यमहरु बढी संकटासन्न रहेको पाईन्छ।

त्यस्तै घरहरु बनाउँदा धेरै मात्रामा जैबिक सामाग्रीहरु जस्तै काठ, खरको प्रयोग भएको, सुख्खा मौषम बढ्ने गरेको, अव्यवस्थित विद्युतीकरण र प्रयोजन, र जोडिएर बनाइएका घरहरु तथा पूर्वतयारीको कमीका कारण घरायसी आगलागीको संकटासन्नता बढेको पाईन्छ भने आर्थिक कमजोरी, सचेतनाको अभाव, बाताबरणमा आएको परिवर्तत, मौसम अनुसार कोसुचना सम्प्रेषण नहुनु र पूर्वतयारीको कमीले बालबालिका तथा वृद्धवृद्धाहरु शितलहरको जोखिममा बढी संकटासन्न रहेका छन्। जंगलफडानी तथा खाद्य अभावका कारण जंगली जनावर बस्ती तथा शहर तर्फ आउन बालीनालीहरुमा क्षती गर्ने, मानिससँगको बढी सर्म्पक हुँदा घरका खाद्य पदार्थखाईदिने तथा बालबालिका र अन्य ब्यक्ति समेतलाई आक्रमण गर्न सक्ने कारणले वडाहरुको जंगली जनाबरको सकटासन्ता वृद्धि भएको छा ट्राफिक नियमको पालनामा कमी, अत्याधिक सवारी चाप तथा सडक नजिक विद्यालय र बस्ती, जेब्रा क्रसिङको प्रयोजनमा कमी कारण सडक दुर्घटनाको सकटासन्नतामा वृद्धि भएको देखिन्छ भने ट्राफिक नियमको सचेतना कमी र सडकमा छाडा पशुचौपायको बसोबासले समेत सडक दुर्घटनाको संकटासन्नतामा वृद्धि भएको छ।

स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा निर्देशिका २०७४ अनुसार मानविय क्षती, प्रभावित परिवार संख्या, घरको क्षती, आर्थिक क्षती, खेतियोग्य भूमि तथा वनक्षेत्रको क्षती, सामाजिक क्षति, विगतमा भएका विपद्का घटनाक्रम, वाली लगाउने वा भित्राउने समयमा आएको परिवर्तन, तापक्रममा आएको परिवर्तन, जोखिमले भविश्यमा पार्नसक्ने असर, संस्थागत क्षमता, जनसंख्याको विश्लेषण, स्थानिय ज्ञान, सिप, क्षमता र प्रविधिलाई सुचक मानी यस नगर पालिकाको वडागत संकटासन्नता वर्गिकरण गरिएको छ। यस विश्लेषणको आधारमा क्रमानुसार वडा न १,३,४ र ६ उच्च र २, ५, ७, ८ र ९ नं. वडाहरु मध्यम संकटासन्न रहेको छ।

| वडा नं. | मानविय क्षति | प्रभावित परिवार | घरको क्षति | आर्थिक क्षति | खेतीयोग्य भूमि र वनक्षेत्रको क्षति | सामाजिक क्षति | विगतमा भएका विपद्का घटनाक्रम | वालि लगाउने वा भित्राउने समयमा आएको परिवर्तन | तापकक्रममा आएको परिवर्तन | जोखिमले भविश्यमा पार्न सक्ने असर | स्रोतको उपलब्धता तथा पहुँच | संस्थागत क्षमता | जनसंख्याको विश्लेषण | स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधि | जम्मा | संकटासन्नता अवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | ३ | २ | ३ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३९ | उच्च |
| २ | ४ | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३८ | मध्यम |
| ३ | ६ | २ | ३ | ३ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३९ | उच्च |
| ४ | ६ | ३ | २ | ३ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३९ | उच्च |
| ५ | २ | ३ | ३ | ३ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३६ | मध्यम |
| ६ | ६ | ३ | २ | ३ | ३ | २ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३९ | उच्च |
| ७ | २ | ३ | ३ | ३ | ३ | १ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३५ | मध्यम |
| ८ | २ | ३ | २ | ३ | ३ | १ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३४ | मध्यम |
| ९ | २ | ३ | २ | ३ | ३ | १ | ३ | ३ | २ | ३ | २ | २ | ३ | २ | ३४ | मध्यम |
| ३८ अंकभन्दा माथी उच्च संकटासन्नता, २४ देखि ३८ अंकभार मध्यम संकटासन्नता र २३ भन्दा तलअंकभार न्यून संकटासन्नता | | | | | | | | | | | | | | | | |

## वडागत संकटासन्नताको अवस्था

बाढी, कटान तथा डुवानका हिसावले वडा नं. १ को ७५० घरधुरी र २५० विगाह जमीन, वडा नं २ का २०० घरधुरीहरु र १२० विगाह जमीन,  वडा नं. ३ का मचकुटीया र पोखरियाका ५५ घरधुरीहरु र १० विगाह जमीन, वडा नं. ४ का बाढी/डुवान तथा कटान बाट बाँध वारी तथा पारीका १०० घरधुरीहरु र खेती योग्य जमीन, वडा नं. ५ का ५०० घरधुरीहरु तथा खेतीयोग्य जमिन, वडा नं. ६ का २५० घरधुरी तथा खेतीयोग्य जमीन, वडा नं. ७ का पूर्व र दक्षिणटोलका १०० घरधुरीहरु र खेतीवाली वडा नं ८ का पुरेनवा, कुडवा, ढागर टोल ३०० परिवार तथा खेतीयोग्य जमीन र वडा नं ९ का मुसलिम,चमार,पासवान,धोवी टोलका ३७० परिवारहरु र खेतीयोग्य जमिन बढी संकटासन्न रहेका छन् ।

वाताबरणमा आएको परिवर्तन सँगै लम्बीएको चिसोको समय र तापक्रममा आएको बदलावका कारण तराईका जिल्लाहरूमा शितलहर एक समस्याको रुपमा देखिएको छ, मौसमि सुचनाको अभाव,आर्थिक कमजोरी, पूर्वतयारीको कमी जस्ता कारणबाट वडा नं १ का महतो, चुरीहार, पासवानटोल र कानुटोलका २५० घरधुरीहरु, वडा नं २ का ५० घरधुरीहरु र ५० विगाह तरकारी बाली, वडा नं ३ का ९० घरधुरीहरु,वडा नं. ४ का प्राय सबै घरधुरीहरु वडा नं. ५ विन, मुसलवान, राम, नुनिया, यादव र महतो टोलका २०० घरधुरीहरु, वडा नं ६ र ७ का सबै घरधुरीहरु वडा नं ८ का २०० परिवार र ३०० विगाह खतीयोग्य जमीन र वडा नं. ९ का ३७० परिवार र तरकारीबाली बढी संकटासन्न रहेका छन् ।

आगलागीबाट वडा नं १ को महत्तो, चुरीहार, पासवान टोलका  २५० घर परिवार,वडा नं. २ को ब्रहमटाल, महादेवपटीका ६० घरधुरी, वडा नं ३ को पोखरियाका सबै घरधुरीहरु, वडा नं. ४ को सबै घरधुरीहरु, वडा नं ५ को विन, मुसलवान, राम, नुनिया, यादव र महतो टोलका १०० घरधुरीहरु, वडा नं. ६ को सबगढाका १५० घरधुरीहरु, वडा नं ७ को सिसवाका ३० घरधुरीहरु, वडा नं. ८ को पुरेनवा, कुडवा, ढागर टोल र यादव टोलका ८० घरधुरीहरु र वडा नं. ९ को मुसलिमटोल, चमाटोल, पासवान टोलका करीब २५० घरधुरीहरु बढी सकंटासन्न रहेका छन् । अब्यवस्थित सवारी साधन संचालन, ट्राफिक नियमको अवज्ञा, सचेतनाका कमी, सडक आसपासमा रहेको बस्तीका कारण सडक दुर्घटनाबाट वडा नं. १ को गौर भन्सार देखि माईस्थान चौक सम्मका सबै घरधुरीहरु, वडा नं. २ को सडक दाँया वाँयाका करिब १०० घरधुरीहरु, वडा नं. ३ को ९० घरधुरीहरु, वडा नं. ४ का सबै घरधुरीहरु, वडा नं. ५ को ३०० घर परिवारहरु, वडा नं. ६ को सबगढा चोक र सडक वरपर का ५० परिवारहरु वडा नं ७ को गौर चपुर रोड वरपरका ४० घरधुरीहरु, वडा नं ८ को आँखा अस्पताल रोड वरपरका २० परिवारहरु  वडा नं ९ को गौर पिपरा रोडका ६५ घरधुरीहरु बढी सकटासन्न रहेका छन् । सरसफाईको अभाव, परम्परागत सोच, जचेतनामा कमी, स्वास्थ्य सेवामा पहुँचको अभाव, सार्वजनिक स्थानमा प्रजनन स्वास्थ्य सेवा अभाव,

प्रजनन स्वास्थ्य प्रतिको नकरात्मक धारणा, डुवानको प्रभाव जस्ता भौतिक, सामाजिक र धारणागत संकटासन्नताको तत्वका कारण वडा नं १, २, र ३ का प्राय सबै घरधुरीहरु वडा नं. ४ का स्वास्थ्य समस्याबाट वडाका २०० घरधुरीहरु, वडा नं. ५ का २०० घरधुरीहरु, वडा नं. ६ का स्वास्थ्य समस्याबाट वडा २३० परिवारहरु, वडा नं ७ का ८० घरधुरीहरु रवडा नं ८ र ९ का अधिकांश घरधुरीहरु उच्च संकटासन्न रहेका छन् । सर्पदंशबाट वडा नं. १ को पूर्वी क्षेत्रका सबै घरधुरीहरु, वडा नं. २ को ५० घरधुरीहरु उच्च संकटासन्न रहेका छन् भने बाकी वडा नं ३, ४, ५, ६, ७, ८ र ९ को प्राय सबै घरधुरीहरु मध्यम संकटासन्न रहेको छन् । यस्तै शुख्खा खडेरीबाट नगरपालिकाको अधिकांश खेतीयोग्य जमीन संकटासन्न रहेको पाईन्छ । यस्तै बाताबरणमा आएको परिर्वतन, परम्परागत खेती प्रणालीका कारण मौसमी रुपमा हुने गरेको असिना, चट्याङ्ग र हुरीबतासबाट नगरका प्राय सबै खेतीयोग्य जमिन तथा घरधुरीहरु संकटासन्न रहेका छन् ।नगरमा वृद्धि भएको छाडा कुकुरहरु, खुला खाद्य पदार्थको बेचविखन तथा सरसफाईको अभावका कारण कुकुरटोकाईको समस्याको संकटासन्नतामा नगरका प्राय सबै बस्ती हरेका छन् । जंगल वरपर बस्ती तथा खेतीयोग्य जमीन, बन विनास तथा जंगली जनावरको अक्रिमणका कारण वडा नं. ४ को बाँध वारी तथा पारीका घरधुरीहरु तथा बालीनालीहरु, वडा नं ६ का १०० परिवार तथा १२५ विगाह खेतीवाली वडा नं. ७ का १०० घरधुरीहरु र १० विगाह खेतीवाली वडा नं. ८ का १०० विगाह खेतीवाली र वडा नं. पूर्व पश्चिम तर्फ रहेको करिब ३०० विगाह खेती तथा १६० घरधुरीहरु उच्च संकटासन्न अवस्थामा रहेका छन् ।

## २.४ नगरपालिकाक्षमता विश्लेषण :

विपद् पूर्व, विपद्को समय र विपद् पश्चातका गतिविधिहरुमा सहयोग, प्रयोग र परिचालन गरि प्रभाव वा असरलाई कम गर्ने, जोखिम न्यूनिकरण गर्ने र पूर्वतयारीका उपायहरुको जोहो नै विपद् ब्यवस्थापन तथा जलवायु अनुकुलनका लागि क्षमताका रुपमा लिने गरिन्छ । क्षमतालाई भौतिक क्षमता, सामाजिक क्षमता र धारणगत क्षमताका रुपमा विभाजन गरी विश्लेषण गरिएको छ ।

गौर नगरपालिका एक समथर कृषी उत्पादनको प्रमुख स्रोत रहेको तराईको एक प्रमुख नगरपालिका हो । भारतसँग सिमाना जोडिएको यस नगरपालिका जलाधार क्षेत्र समेत रहेको छ । लाल बैकैया, बाग्मती र विभिन्न निजी तथा सार्वजनिक ताल तलैया रहेको यस नगरपालिका कृषीको उर्वर भूमीको रुपमा परिचित छ । यहाँ रहेका लाल बकैया, नदी, बरहवा र नासी तथा अन्य ताल तलैयाहरुलाई उचित ब्यवस्थापन गर्न सके प्रर्याप्त सिंचाईको सुविधा पुग्न सक्ने देखिन्छ भने भूमीगत सिंचाईको पनि प्रशस्त सम्भावना रहेको छ, जसले खाद्यवाली, तेलहन, दलहन जस्ता उत्पादनमा प्रत्यक्ष टेवा दिने र आजिविकामा उल्लेख्य सुधार गर्न सकिने सम्भावना बोकेको छ । यातायातको राम्रो सञ्जाल रहेको यस नगरपालिकामा भएका पुल पुलेसा र सडकमार्गले कूनैपनि विपदका घटनाहरुको तत्काल प्रतिकार्य गर्न, विपद् जोखिम न्यूनिकरणका गतिविधिहरु संचालन गर्न र पूर्व तयारीका सामाग्री तथा उपायहरुको परिचालन गर्न सहज हुने देखिन्छ । यस नगरमा साना ठूला गरी जम्मा ९ वटा पुलहरु रहेका छन् जसले मानीसहरुलाई आवतजावत तथा समाग्री ढुवानी र यातायातका लागि सहज बनाएको छ ।

गौर नगरपालिका तराई क्षेत्र अन्गर्तत रहेको र सडक सञ्जालको राम्रो ब्यवस्था भएको नगरपालिका हो । नगरभित्र करिब ३२ किमी सडक सञ्जाल रहेको छ जसले विपद् ब्यवस्थापनका गतिविधिहरुलाई संचालन गर्न सहज बनाउदछ । नगरमा रहेको पक्की तथा कच्ची सडकले विपद्को समयमा सुरक्षित स्थानमा स्थानन्तरण गर्न, सुरक्षित स्थानमा बसोबास गराउन, राहत तथा पुननिर्माणका गतिविधिहरु संचालन गर्न तथा विपद् जोखिम न्यूनिकरणका लागि सहयोग मिल्ने देखिन्छ । नगर पालिकाको मूख्य प्रकोप बाढी,कटान तथा डुवान गराउने लाल बकैया नदी मा गरीएको २ किमी बाँध बाढी न्यूनिकरणको एक राम्रो क्षमताका रुपमा रहेको छ तथापी यस बाँधलाई अफ मजबुत र थप गनुपर्ने देखिन्छ । सरकारी तथा संस्थागत विद्यालयहरु गरेर ३० शैक्षिक संस्था र ५ वटा मदरसाहरु रहेको यस नगरमा विद्यालयहरुको खुला चौरहरु अल्पकालिन अस्थायी आश्रयस्थलको रुपमा प्रयोग गर्न सकिने देखिन्छ । यस्तै विद्यालयका शिक्षक शिक्षिका मार्फत अतिरिक्त कार्यकलापका

रुपमा विद्यार्थि शिक्षा कक्षाका माध्यमबाट जोखिम न्यूनिकरणका सचेतना मूलक गतिविधिहरु संचालन गर्न सकिने छ भने विद्यालय जोखिम न्यूनिकरणका गतिविधिहरु संचालनका लागि गतिलो स्रोतको रुपमा रहेको देखिन्छ।विपद्को समयमा अस्थायी आश्रयका लागि नगरमा रहेको राम जानकी धर्मशाला, पुल, गुदरी बजार को टहरा,राइस मिल, भगवती मंन्दिर, समुदायिक भवन,लाल बकैया बाध, बरहवा पुल,दुर्गा मंन्दिर,गौरी शंकर यादव क्याम्पस चौर, बजार को टहरा, मंन्दिर र वडा कार्यालयहरु भौतिक क्षमताका रुपमा रहेको छ।

यी स्थानहरुमा २००० भन्दा बढी परिवारहरुलाई विपद्को समयमा अस्थायी बसोबास गराउन सकिने देखिन्छ तथापी मर्मत सम्भार, पहिचान र व्यवस्थापन गनुपर्ने अवस्था रहेको छ। नगरमा उपलब्ध नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी,नगर प्रहरी, ट्राफिक प्रहरी, र यिनीहरुसँग उपलब्ध जनशक्ति तथा आर्थिक र भौतिक स्रोत नगरको विपद् जोखिम न्यूनिकरण, विपद् प्रतिकार्य र पूनरलाभका लागि गतिलो स्रोतका रुपमा लिन सकिन्छ भने उपलब्ध सरकारी तथा अर्धसरकारी र नीजि स्वास्थ्य संस्था, स्वास्थ्य सेवा र जनशक्ति भौतिक क्षमताका रुपमा रहेको छ। नगरमा उपलब्ध बारुणयन्त्र, एम्बुलेन्स र अन्य यान्त्रिक उपकरण विपद् प्रतिकार्यका लागि भौतिक क्षमताका रुपमा रहेको छ।

नगरपालिका अन्तर्गत गठन भएका टोल विकास समिति, क्रियाशिल आमा समूह, युवा तथा बाल क्लब, धार्मिक तथा सामाजिक संघ संस्था समाजिक क्षमताको रुपमा रहेको छ। यस्ता क्षमताहरुलाई जोखिम न्यूनिकरणका लागि परिचालन तथा प्रयोजन गर्न सकिने देखिन्छ। बाढी तथा डुवानको जोखिम न्यूनिकरणका लागि स्थानिय सामाग्रीहरुको प्रयोग र परि चालन तथा प्रदेश स्तरिय निकाय देखि स्थानिय निकायहरुको सहभागितामा न्यूनिकरणका उपायहरुको अवलम्वन गर्न सकिने अवस्था रहेको छ। विभिन्न अन्तराष्ट्रिय मानविय संघसंस्थाहरु तथा सयुक्त राष्ट्र संघको विशिष्टकृत निकायहरुको उपस्थिती नगरपालिकामा रहेकोले बहुप्रकोप न्यूनिकरण तथा पूर्वतायरीका कार्यहरु गर्न सक्ने क्षमता नगरमा रहेको छ। स्वास्थ्य तथा सरसफाईमा नगरपालिकाले अभियानको रुपमा कार्यक्रम तय गरी स्थानिय टोल विकास समिति, युवा क्लब तथा अन्य सरकारी तथा गैह्र सरकारी निकायहरुको परिचालनमा नगरपालिकामा सरसफाईका अभावले हुन सक्ने स्वास्थ्य समस्याको न्यूनिकरण गर्न सकिन्छ।

नगरमा रहेको ८ वटा सार्वजनिक शौचालयहरुको उचित व्यवस्थापन र प्रयोजनले सरसफाईको समस्यालाई न्यूनिकरण गर्नमा सहयोग पुने देखिन्छ। नेपाल रेडक्रस, नगरपालिकामा भएको विपद् पूर्वतयारीका सामाग्रीहरुले विपद्का घटनाहरुमा तत्काल प्रतिकार्यमा सहयोग गर्न सक्ने भौतिक क्षमताका रुपमा रहेको छ तथापी यी सामाग्रीहरु सहित सिप विकास र वडागत रुपमा थप सामाग्रीहरु व्यवस्थापन गर्नुपर्ने देखिन्छ। नगरपालिकामा सामाग्रीगत पूर्वतयारी रहेता पनि सिप तथा क्षमता विकास गर्नुपर्ने देखिन्छ भने पूर्वतयारीका लागि वडागत सिप तथा सामाग्री व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ। यस नगरपालिकामा भएका आधारभूत खोज तथा उद्धार तालिम १० जना, रेडक्रस सोसाइटीका जिल्ला विपद् प्रतिकार्य तालिम प्राप्त जनशक्ति, परम्परागत सिप भएका पौडीबाज, सिकर्मी तथा डकर्मी, महिला स्वास्थ्य स्वंयम सेविका, कृषि प्राविधिकहरु विपद् प्रतिकार्य, विपद् जोखिम न्यूनिकरण र पुनर्लाभका राम्रो स्रोतका रुपमा छन् जसला भौतिक क्षमताको रुपमा लिन सकिन्छ। ११ वटा मस्जिद, २ वटा धर्मशाला, ५६ वटा मठ मन्दिर र ३ वटा सामुदायिक भवनहरु भौतिक स्रोतका रुपमा रहेका छन् भने टिकुलियाघाटमा रहेको १ डुंगा, नगरपालिका र रेडक्रसमा भएको गैह्र खाद्य सामाग्री र लाईफ ज्याकेटहरुको पूर्वतयारी भौतिक क्षमताका रुपमा छन् जो विपद् प्रतिकार्यका लागि राम्रो स्रोतको रुपमा रहेको छ। नगरमा रहेका औपचारिक तथा अनौपचारिक समूहहरु आमा समूह तथा डिप्रोक्स बैक, ग्रामिण विकास बैंक, गरिवि निवारण बाट निर्माण गरिएका समूहहरु सामाजिक स्रोतका रुपमा रहेका छन्।

| विवरण | नाम र रहेको स्थान (कहाँ) | सङ्ख्या (कति) | क्षमता | अवस्था | वडा नं. |
|---|---|---|---|---|---|
| भौतिक स्रोत | | | | | |
| पुल | भारत नेपाल सिमानामा | १ | यातायात र ढुवानी | राम्रो | १ |
| | पोखरी नजिक नासीमा | २ | यातायात र ढुवानी | राम्रो | २ |
| | छैन | | | | ३ |
| | छैन | | यातायात र ढुवानी | राम्रो | ४ |
| | बरहवा पुल, झुलुङ्गे पुल, २ नं. पुल | ३ | यातायात र ढुवानी | राम्रो | ५ |
| | छैन | | | | ६ |
| | छैन | | यातायात र ढुवानी | राम्रो | ७ |
| | विद्यालय नजिक, पुरेन्वा शिरशिया जने बाटोमा | २ | यातायात र ढुवानी | राम्रो | ८ |
| | हुलाकी सकड र अन्य | १ | यातायात, र ढुवानी | राम्रो | ९ |
| सडक | भन्सार रोड,पानी टंकि रोड , जिलला समन्वय समिति र सहायक रोड पक्की | ३ किमी | यातायात र ढुवानी | राम्रो | १ |
| | गौर भन्सार देखि टिकुलीया सम्म,टोल देखि विद्युत कायार्लय ,टोल देखि पोखरीया टोल सम्म ,केही सहायक रोड | ५ किमि | यातायात र ढुवानी | राम्रो केही निमार्णा धिन | २ |
| | पोखरीया टोल देखि वि.पि.चौक | १ कि.मि | यातायात र ढुवानी | राम्रो केही निमार्णा धिन | ३ |
| | गौर टीकुलीया,गुप्ता पेट्रोल पम्प टीकुलीया, शोवरना माई नहर रोड,केही सहायक रोड | ५ किमी | यातायात र ढुवानी | राम्रो /केही निमार्णाधिन | ४ |
| | अस्पता रोड,अस्पताल देखि गढवा पुल, पुस्तकाल्य देखि स्कुल सम्म,स्कुल देखि झुङ्गगे पुल,स्कुल देखि रेडकस,दुर संचार देखि मालपोत, कृषि देखि कविर चौक, गढवा पुल देखी कोइरी टोल,टासर्फमर चौक देखि २ नं.पुल समम केही सहायक रोड पक्की ग्रेवल | ६ किमी | यातायात र ढुवानी | राम्रो | ५ |
| | गौर चपुर,गौर चपुर रोड देखी विद्यालय सम्म, मेन रोड देखी स्वास्थ्य चौकी सम्म, स्वास्थ्य चौकी देखी मस्जिद सम्म,मस्जिद देखि उत्तरको सिमाना सम्म,स्वास्थ्य चौकी देखी प्रा.वि.सम्म, पक्की केही ग्रेवल सहायक रोड | ४ किमी | यातायात र ढुवानी | राम्रो | ६ |
| | गौर च.पुर बाटो, च.पुर रोड देखी पुरेन्वा सम्म, केही सहायक बाटो पक्की | ४ किमी | यातायात र ढुवानी | राम्रो ,केही मर्मत योग्य | ७ |
| | गौर च.पुर बाटो देखी गौर शिरशिया जाने बाटो हनुमान मंन्दिर सम्म, केही सहायक बाटो पक्की | २ कि.मी | यातायात र ढुवानी | राम्रो ,केही मर्मत योग्य | ८ |
| | गौर पिपरा जाने रोड,मेन रोड देखी मश्जिद सम्म,खानेपानी देखी मश्जिद देखि पिपरा जाने रोड सम्म पक्कि | २ कि.मी | यातायात र ढुवानी | राम्रो ,केही मर्मत योग्य | ९ |
| बाँध | छैन | | | | १ |
| | लाल बकैया खोला | १ कि.मि. | नदीकटान न्यूनिकरण | राम्रो | २ |
| | लाल बकैया खोला | १ कि.मि. | नदीकटान न्यूनिकरण | राम्रो | ६ |
| विद्यालय भवन | अधारभुत,प्रा.वि.निजि विद्यालय | ४ भवन | २५ कोठा | राम्रो | १ |
| | श्री जु.उ.मा.वि.,प्रा.वि.नि.जि विद्यालय | ३ | ५० कोठा | राम्रो | २ |
| | प्रा.वि –.१,निजि बोडिङ्ग – ८ | १२ भवन | १०० कोठा | राम्रो | ३ |
| | मा.वि.टिकुलिया | २ भवन | १५ कोठा | राम्रो | ४ |
| | गौरी शंकर क्याम्पस,नि.मा.वि.बाल मंन्दिर,निजि बोडिङ्ग ७ | १५ भवन | १०० कोठा | राम्रो | ५ |
| | नि.मा.वि.,अधारभुत विद्यालय | ३ भवन | १५ कोठा | राम्रो | ६ |
| | नि.मा.वि | २ भवन | १० कोठा | राम्रो | ७ |
| | नि.मा.वि,अधारभुत | २ भवन | ११ कोठा | राम्रो | ८ |
| | रत्न कन्या अधारभुत वि,निजि बोडिङ्ग | ५ भवन | २५ कोठा | राम्रो | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| मदरसा | मुसलिम मदरसा | | | | |
| | पोखरीया टोल | १ भवन | ५ कोठा | राम्रो | १ |
| | दरोवान सरकीया | १ भवन | ५ कोठा | राम्रो | ३ |
| | सिसवा मदसा | ३ भवन | ६ कोठा | राम्रो | ६ |
| | एसा निद जनात | २ भवन | ४ कोठा | राम्रो | ७ |
| | | १ भवन | २ कोठा | राम्रो | ९ |
| सुरक्षित आवास तथा स्थान | राम जानकी धर्मशाला, विद्यालय भवन, पुल,गुदरी बजार को टहरा,राइस मिल | ६ वटा, ४ विग्हा खुला ठाउ हरु | करिब ५०० परिवार | राम्रो | १ |
| | भगवती मंन्दिर,समुदायिक भवन,विद्यालय भवन हरु | ५ वटा,५ कठ्ठा खुल्ला चौर | करिव १००० परिवार | राम्रो | २ |
| | प्रा.वि –.१,निजि बोडिङ्ग – ८,मदसा | १० वटा | करिव ४०० परिवार | राम्रो | ३ |
| | लाल बकैया बाध | १ कि.मि | ५०० परिवार | राम्रो | ४ |
| | बरहवा पुल,दुर्गा मंन्दिर,प्रा.वि.विद्यालय,गौरी शंकर यादव क्याम्पस, | ३ भवन, १५ कठ्ठा खुल्ला चौर | ५०० परिवार | राम्रो | ५ |
| | मदसा | २ भवन | १०० परिवार | राम्रो | ६ |
| | प्रा.वि विद्यालय | २ भवन १ कठ्ठा खुल्ला चौर | ५० परिवार | रामो | ७ |
| | नि.मा.वि.विद्यालय,पुल,वडा कार्यालय, | २ भवन,१ कठ्ठा चौर | १०० परिवार | राम्रो | ८ |
| | बजार को टहरा,स्कुल,मंन्दिर,वडा कार्यालय | ४ वटा १ कठ्ठ खुला चौर | ३०० परिवार | राम्रो | ९ |
| सामुदायिक चर्पी | भन्सा नजिक, दालमिल अगाडी,पार्क मा | ३ वटा | पक्की | राम्रो | १ |
| | राम जनकी मंदिर नजि | १ वटा | पक्की | राम्रो | २ |
| | हनुमान धर्मशाला,राम जानकी मंदीर,ब्यारक पिल्ड,मालपोत कार्यालय | ४ वटा | पक्की | राम्रो | ५ |
| | बस पार्क | १ वटा | पक्की | राम्रो | ८ |
| सञ्चारका साधन | मोबाईल, टेलिफोन | | उत्तम | | |
| यातायतका साधन | मोरसाइकल, टेम्पो, बस, टाँगा | | यातायात र ढुवानी | राम्रो | |
| पूर्वसूचना प्रणाली | गौर न.पा.कार्यालय मा | | | जडान नगरीएको | |
| लाइफ ज्याकेट | रेडकस उपशाखा महादेव पटी | | उपल्वध | राम्रो | २ |
| डुङ्गा | टीकुलीया घाट | | खाला तारन | राम्रो | ४ |
| बोरिङ्ग | १ देखी ९ वडा सम्म | ८५ | खेति सिचाई | राम्रो/केही मर्मत योग | १-९ |
| मठ मंदिर | राम जानकी,हनुमान,शिव ,ब्रह्म,माई, | ७ वटा | धार्मिक कार्य | राम्रो | १ |
| | महादेव ,रामजानकी ,भगवति मंन्दिर | २ वटा | धार्मिक कार्य | राम्रो | २ |
| | विद्यापति नगर,मचकुटीया,पोखरीया टोल | ४ वटा | धार्मिक कार्य | राम्रो | ३ |
| | टिकुलिया, गढवा टोल | ८ वटा | धार्मिक कार्य | राम्रो | ४ |
| | राम जानकी,हनुमान,शिव पार्वति,दुर्गा, गणेश,राजदेवि, ब्रह्म,सर्पही, पलटनीया,माई बाबा, | १० वटा | धार्मिक कार्य | राम्रो | ५ |
| | राम जानकी | २ वटा | धार्मिक कार्य | राम्रो | ६ |
| | सैलेश, माई बाबा, हनुमान, ब्रह्म | ६ वटा | धार्मिक कार्य | राम्रो | ७ |
| | राम जानकी,हनुमान,शिव,ब्रह्मदेवि, ब्रह्म,माई बाबा, | ६ वटा | धार्मिक कार्य | राम्रो | ८ |
| | राम जानकी,हनुमान,शिव,ब्रह्म,सर्पही, काली,बौद्धि,शैलेश,माई बाबा, | ११ वटा | धार्मिक कार्य | राम्रो | ९ |
| **मानव संसधन** | | | | | |
| आधारभूत खोज तथा उद्धार तालिम प्राप्त जनशक्ति | वडा नं.२ र ५मा तालिम प्राप्त | ५ जना | तालिम प्राप्त /परम्परागत | उपलब्ध | २,५ |
| | वडा भरी | ५ जना | परम्परागत | उपलब्ध | २ |
| जिल्ला विपद् प्रतिकार्यसम्वन्धी तालिम प्राप्त जनशक्ति | गौर–२,महादेव पटी,गौर – ५, | ८ जना | उपलब्ध | उपलब्ध | २,५, |
| तालिम प्राप्त पौडीबाज | वडा नं. १,२,३,४,५,६,७,८,९ | २२५ जना | परम्परागत | उपलब्ध | १-९ |

| | | | | | |
|---|---|---|---|---|---|
| तालिम प्राप्त स्वयंसेवक | २,५,६ | २६ जना | परम्परागत | उपलब्ध | २,५,६ |
| ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता | महिला सामुदायिक स्वास्थ्य कार्यकर्ता | ४० जना | स्वास्थ्य सचेतना | उपलब्ध | १-९ |
| तालिम प्राप्त कृषि प्राविधिक | ३,५,९ | ११ जना | उपलब्ध | उपलब्ध | ३,५,९ |
| शिक्षक | सरकारी तथा नीजि | १२१ | उपलब्ध | उपलब्ध | १-९ |
| कर्मचारी | सरकारी तथा गैह्सरकारी | ५९० | उपलब्ध | | १-९ |
| स्वयंसेवक | समुदायमा | १५० | परम्परागत | उपलब्ध | १-९ |
| सिकर्मी | समुदायमा | ३३९ | परम्परागत | उपलब्ध | १-९ |
| डकर्मी | समुदायमा | २९३ | परम्परागत | उपलब्ध | १-९ |
| **सामाजिक स्रोत** | | | | | |
| सामुदायिक भवन | | १ | सामान्य | | १ |
| | महादेव पटी | १ | २ कोठा | समाजिक कार्यक्रम | २ |
| | पासवान टोल | १ | २ कोठा | समाजिक कार्यक्रम | ९ |
| खानेपानी वितरण धारा | खानेपानी धारा /चापाकल, सार्वजनिक वितरण प्रणाली | | प्रर्याप्त | राम्रो / केहि मर्मत योग्य | १-९ |
| मठ मन्दिर | राम जानकी,हनुमा,शिव ,ब्रह्म,माई, | ७ वटा | धार्मिक कार्य | राम्रो | १ |
| | महादेव ,रामजानकी ,भगवति मंन्दिर | २ वटा | धार्मिक कार्य | राम्रो | २ |
| | विद्यापति नगर,मचकुटीया,पोखरीया टोल | ४ वटा | धार्मिक कार्य | राम्रो | ३ |
| | टिकुलिया, गढवा टोल | ८ वटा | धार्मिक कार्य | राम्रो | ४ |
| | राम जानकी,हनुमान,शिव पार्वति,दुर्गा, गणेश,राजदेवि, ब्रह्म,सर्पही, पलटनीया,माई बाबा, | १० वटा | धार्मिक कार्य | राम्रो | ५ |
| | राम जानकी, ब्रह्म,माई, | २ वटा | धार्मिक कार्य | राम्रो | ६ |
| | सैलेश, माई वावा, हनुमान, ब्रह्म | ६ वटा | धार्मिक कार्य | राम्रो | ७ |
| | राम जानकी,हनुमान,शिव,ब्रह्मदेवि, ब्रह्म,माई बाबा, | ६ वटा | धार्मिक कार्य | राम्रो | ८ |
| | राम जानकी,हनुमान,शिव,ब्रह्म,सर्पही, काली,वौद्धि,शैलेश,माई वावा, | ११ वटा | धार्मिक कार्य | राम्रो | ९ |
| धर्मशाला | राम जानकी धर्मशाला | १ | ५०० जना | राम्रो | १ |
| | हनुमान धर्मशाला | १ | ५० जना | जिर्ण | ५ |
| मस्जिद | विभिन्न टोलहरु मा | १ वटा | धार्मिक कार्य | राम्रो | १ |
| | विभिन्न टोलहरु मा | २ वटा | धार्मिक कार्य | राम्रो | ३ |
| | विभिन्न टोलहरु मा | २ वटा | धार्मिक कार्य | राम्रो | ५ |
| | विभिन्न टोलहरु मा | २ वटा | धार्मिक कार्य | राम्रो | ६ |
| | विभिन्न टोलहरु मा | १ वटा | धार्मिक कार्य | राम्रो | ७ |
| | विभिन्न टोलहरु मा | ३ वटा | धार्मिक कार्य | राम्रो | ९ |
| **सामाजिक संरचना** | | | | | |
| महिला/आमा /अपाङ्गता भएका व्यक्तिहरुको समूह | महिला समूह पासवानट,कानु,चुरीहार टोल | ३ | स्वास्थ्य तथा सरसफाई | राम्रो | १ |
| | विधापति आमा समुह | १ | स्वास्थ्य तथा सरसफाई | राम्रो | ३ |
| | अपाङ्ग संघ | २ जना | स्वास्थ्य तथा सरसफाई | | १ |
| | अपाङ्ग संघ | २ जना | स्वास्थ्य तथा सरसफाई | | ५ |
| | अपाङ्ग संघ | ४ जना | स्वास्थ्य तथा सरसफाई | | ८ |
| | अपाङ्ग संघ | ४० | स्वास्थ्य तथा सरसफाई | | ९ |
| | महिला विकास | वटा | | राम्रो | |
| | आमा समूह | वटा | | राम्रो | |
| आयआर्जनमा | डिप्रोक्स बैंक, ग्रामिण विकास बैंक, गरिवि निवारण, | ३ | बचत कार्यहरु गर्ने | राम्रो | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| सक्रिय महिला समूह | डिप्रोक्स वैक, ग्रामिण विकास बैंक, गरिवि निवारण, | ३ | बचत कार्यहरु गर्ने | राम्रो | २ |
| | डिप्रोक्स बैक, ग्रामिण विकास बैंक, गरिवि निवारण | ३ | बचत कार्यहरु गर्ने | राम्रो | ३ |
| | डिप्रोक्स वैक, ग्रामिण विकास बैक, गरिवि निवारण | ३ | बचत कार्यहरु गर्ने | राम्रो | ४ |
| | डिप्रोक्स वैक, ग्रामिण विकास बैंक, गरिवि निवारण | ४ | बचत कार्यहरु गर्ने | राम्रो | ५ |
| | डिप्रोक्स बैक,ग्रामिण विकास बैंक, गरिवि निवारण , | ३ | बचत कार्यहरु गर्ने | राम्रो | ६ |
| | डिप्रोक्स बैक, ग्रामिण विकास बैंक, गरिवि निवारण | ३ | बचत कार्यहरु गर्ने | राम्रो | ७ |
| | डिप्रोक्स बैक, ग्रामिण विकास बैंक, गरिवि निवारण | ३ | बचत कार्यहरु गर्ने | राम्रो | ८ |
| | डिप्रोक्स बैक, ग्रामिण विकास बैंक, गरिवि निवारण | ३ | बचत कार्यहरु गर्ने | राम्रो | ९ |
| निर्णय तहमा भएका महिला | सबै वडाहरु | १९ | वडा, नगरपालिका, समाजिक क्षेत्र, | उपलब्ध | १-९ |
| शैक्षिक अवस्था | सबै वडा (१,३,४,५,६,७,९,) | | महिला ३०५ / पुरुष ५०५ | | १-९ |
| **आर्थिक स्रोत** | | | | | |
| व्यापार व्यवसाय | वडा नं. १,३,४,५,६,७,९, | ५४० परिवार | खुद्रा तथा थोक | राम्रो | १-९ |
| उद्योग कलकारखाना | पानी, दाल, दराज, बक्स, फर्निचर, बैट्री, चावल, सह मिल, ग्रिल उद्योग | ४० वटा | सामान्य उत्पादन तथा विक्री | राम्रो | १-९ |
| नोकरी | वडा नं. १,३,४,५,६,७,८,९ | ५९० जना | सेवा तथा आर्थिक आर्य | सक्रिय | १-९ |
| | समुदाय मा | ३०० जना | सेवा तथा आर्थिक आर्य | सक्रिय | १-९ |
| बचत समूह | महिला बचत समूह | २८ वटा | बचत तथा ऋण | सक्रिय | १-९ |
| विपद् व्यवस्थापन कोष | छैन | | | | |
| वैंक तथा वित्तीय संस्था | नेपाल बैक,कृषि विकास, राजश्री बैक,वैंक औफ काठमाण्डौ,जनता ,एन आइसी एसीया,विभोर सोसाइटी बैक, | ६ वटा | बैकिङ कारोवार | राम्रो | १,३,४,५ |
| **प्राकृतिक स्रोत** | | | | | |
| खेतीयोग्य भूमि | ३२० विघा | | धान गँहू दलहन, आलु | राम्रो | १,२ |
| निजि/सार्वजनिक ताल पोखरी | ठुलो पोखरी | १ वटा | माछा पालन, सिंचाई | राम्रो | १ |
| इनार | | | खानेपानी र सिंचाई | राम्रो | |
| नदीनाला | वरहवा ताल | १ | सिंचाई/ ताल निमार्ण कममा | राम्रो | १ |
| | लाल बकैया,नासी | २ | सिंचाई/ | राम्रो | २ |
| सिँचाइको साधन र स्रोत | वोरिङ,वरहवा ताल,लाल बकैया | १५ | २०० विघा सिंचाई | राम्रो | १,२ |

| खेती गरिने मुख्य बाली | लगाउने समय | बाली थन्क्याउने समय | उत्पादन (मे. टन) | प्रयोग गरिने मल | बिउको उपलब्धता |
|---|---|---|---|---|---|
| धान | असार, श्रावण | कार्तिक मंसिर | १३५००० कुन्टल | रासायनिक, प्राङ्गारिक | थानिय बजार |
| गहुँ | मंसिर पौष | फागुन चैत्र | ८०००० कुन्टल | रासायनिक, प्राङ्गारिक | स्थानिय बजार |
| दलहन | कार्तिक मंसिर | फागुन चैत्र | १०००० कुन्टल | रासायनिक, प्राङ्गारिक | स्थानिय बजार |
| तरकारी | फालगुन, जेष्ठ, कार्तिक मंसिर | वैसाख,जेठ भाद्र, पौष,माघ, फागुन | ५००० कुन्टल | रासायनिक, प्राङ्गारिक | स्थानिय बजार |
| तेलहन | कार्तिक,मंसिर | फालगुन ,चैत्र | २००० कुन्टल | रासायनिक, प्राङ्गारिक | स्थानिय बजार |
| उखु | कार्तिक | कार्तिक देखि माघ | २००० कुनटल | रासायनिक प्राङ्गारिक | स्थानिय किसान वाट |

## २.५ जोखिम पहिचान तथा विश्लेषण :

नगरपालिकामा भएको बहुप्रकोपको जोखिम समुदाय तथा बस्तीको संकटासन्नता र उपलब्ध क्षमताको आधारमा फरक फरक रहेको छ। नगरपालिकामा प्रकोपको जोखिम निर्धारण समुदायको भौगोलिक अवस्था, भू धरातल, समाजिक, भौतिक र आर्थिक अवस्था अनुसार फरक फरक रहेको देखिन्छ। गौर नगरपालिकामा रहेको संकटासन्न अवस्थाले यहाँका वडाहरु प्रकोपगत जोखिमको तह भिन्न भिन्न रहेको छ। जसलाई जोखिम न्यूनिकरणका गतिविधिहरु तथा क्षमता विकासका माध्यमबाट पूर्व तयारीका उपायहरुको अवलम्वन गर्नुपर्ने देखिन्छ। प्रत्येक वडाहरुमा रहेको संकटासन्न अवस्था अनुसार का न्यूनिकरणको उपायहरुको अवलम्वन र पूर्वतयारीका उपायहरुले नै यस नगरपालिकालाई उत्थानशिल नगरपालिको रुपमा रुपान्तरण गर्न सहयोग मिल्दछ।

प्राय सबै वडाहरुमा बाढी तथा डुवान, खडेरी, स्वास्थ्य समस्या (झाडापखला, छाला तथा आँखा संक्रमण, डेन्गु, प्रजनन स्वास्थ्य समस्या), शितलहर, आगलागी र सर्पदंश, जंगली जनावर, आन्तरिक द्वन्द्ध जस्ता समस्याले उच्च जोखिम सिजर्नी गरेको छ भने हावाहुरी, असिना, सडक दुर्घटना, चट्याङ्ग, कुकुर टोकाई, हुरीबतास जस्ता समस्याले मध्यम जोखिम स्थिती सिर्जना गरेको देखिन्छ। बाढी तथा डुवानको जोखिमलाई कम गर्नका लागि नीतिगत तह देखि नै भारत नेपाल विच छलफल तथा समस्याको समाधानको पहल हुनपर्ने देखिन्छ जसका लागि, नगरपालिकाले प्रदेश सरकार, मन्त्री परिषद तथा संघिय सरकारको ध्यान आर्कषण तथा पहलको जरुरी देखिन्छ। यस्तै आन्तरिक तहबाट सरकारी तथा गैह्र सरकारी निकायहरुको समन्वय र सहकार्यमा भएका बाँधहरुको पून निर्माण तथा थप गर्नेकार्य, थप बाँधहरुको निर्माण, पानी निकासका लागि उचित प्रवन्ध, वृक्षरोपण, मौसमी सुचना संम्प्रेषण, वडा स्तरमा पूर्व तयारीका लागि सिप र सामाग्रीको जोहो, वडा विपद् ब्यवस्थान समिति तथा समुदायहरुको क्षमता अभिवृद्धि गतिविधहिरु अविलम्ब गर्नुपर्ने देखिन्छ। यसरी नै आगलालागी जोखिम न्यूनिकरणका लागि सचेतना अभिवृद्धिका गतिविधिहरु, शिक्षामूलक सुचनाहरुको सम्प्रेषण, आग नियमन्त्रक यन्त्रहरुको ब्यवस्थापन र परिचालन, वडा स्तरमा आगलागी नियन्त्रणका लागि दक्ष जनशक्तिको ब्यवस्थापन, वडा स्तरमा पूर्वतयारीको लागि सिप र सामाग्रीको ब्यवस्थापन, गर्नुपर्ने देखिन्छ।

स्वास्थ्य तथा सरसफाईको समस्या नगरको प्रमुख समस्याको रुपमा आएको छ यस समस्याले नगरका प्राय सबै वडाहरुलाई उच्च जोखिम पारेको छ। उचित ढल निकासको ब्यवस्था, शौचालय निर्माण र प्रयोगमा सचेतना तथा नीतिगत कडाई, प्लाष्टिक जन्य सामाग्रीहरु प्रयोगमा प्रतिवन्ध, सरकारी तथा नीजि ताल तलैयाहरुको नियमीत सरसफाई, सरसफाई अभियानमा टोल विकास समितिको भूमिकालाई जिम्मेवारी गराई अभियानको रुपमा संचालन, आवश्यकताको आधारमा नगरपालिका भित्र सार्वजनिक शौचालयहरुको निर्माण र उचित ब्यवस्थापन, मूख्य मूख्य स्थानहरुमा फोहरु संकलन केन्द्र को स्थापना र फोहर संकलन र विर्सजनको उचित प्रवन्ध, सडक खाद्य निर्माण तथा विक्री र प्रयोजनमा प्रतिवन्ध, खाद्य पदार्थ गुणस्तरको आवश्यकता अनुसार अनुगमन, गुणस्तरिय स्वास्थ्य सेवामा सबैको समान पहुँचको शुनिश्चिता, प्रजनन स्वास्थ्य सम्वन्धि विद्यालय तथा सामुदायिक सचेतना कक्षा संचालन, सार्वजनिक स्थल, कार्यालय तथा विद्यालयह( रुमा बाल, किशोरी, महिला र अपाङ्ग मैत्री संरचना तथा सेवा प्रवाको शुनिश्चिता जस्ता गतिविधिहरु अभिलम्ब गर्नुपर्ने देखिन्छ। यस्तै नियमीत खानेपानी परिक्षण तथा शुद्धिकरण अभियान, डेन्गुको उच्च जोखिम रहेका क्षेत्रहरुमा प्रतिरोधि औषधी छर्ने तथा झुल वितरण र निशुल्क प्रजनन स्वास्थ्य तथा अन्य स्वास्थ्य शिविरहरुको संचालन गर्नुपर्ने देखिन्छ। स्वास्थ्य समस्याहरुले जुनसुकै बेला पनि महामारीको रुप लिन सक्ने भएकाले तथाअन्य विपद्को समयमा पनि स्वास्थ्य समस्याहरु (झाडापखला, छाला तथा आँखा संक्रमण, डेन्गु, प्रजनन स्वास्थ्य समस्या), सिर्जना हुने हुदाँ स्वास्थ्यसँग सम्वन्धित सबै सेवाहरुका लागि पूर्वतयारी अति आवश्यक भएको हुनाले पूर्वयारी अन्तर्गतका सिप तथा साधनहरुको ब्यवस्थापन नगर पालिकाले तत्कालै गर्नुपर्ने देखिन्छ।

अब्यवस्थित सावारी साधान, ट्राफिक नियमको उल्लघन तथा जानकारीको अभाव, सावारी साधानको अत्याधिक चाँप र लापरवाहीका कारण यस नगरपालिकामा सडक दुर्घटना अर्को जोखिमको रुपमा रहेको छ। यस जोखिमलाई कम गर्नका लागि ट्राफिक नियम कार्यान्वयनमा नीतिगत कडाई, ट्राफिक नियमबारेमा समुदाय तथा विद्यालय शिक्षा कक्षाहरु संचालन,

सुचना शिक्षा तथा संचार सामाग्रीको विकास र वितरण, सुचना वोर्डहरुको ब्यवस्थापन गर्नुपर्ने देखिन्छ। वातावरणमा आएको परिवर्तनले विगतको दशक देखी असिना, चट्टयाङ्ग,शितलहर, तातो हावा, हावाहुरी जस्ता जोखिमहरु वर्षेनी बढ्दै गएको छ यसका लागि मौसमी सुचना सम्प्रेषण गर्ने, पूर्वतयारीका लागि समुदायको परिचालन गर्ने तथा वडास्तर मा पूर्वतयारीका सामाग्रीहरुको ब्यवस्था अपरिहार्य देखन्छि। छाडा तथा भूस्याहा कुकुरको समस्याले मानिसहरुमा रोगहरु फैलने, टोकाईबाट घाइते तथा मृत्यु हुने जोखिम नगरका प्राय सबै वडाहरुमा बढ्दै गएको छ। यस जोखिमलाई कम गर्नका लागि कुकुरको बन्ध्याकरण अभियान, खुला सडक खाद्य पदार्थ विक्री वितरणमा रोक तथा नगर सरसफाई अभियान संचालन गर्नुपर्ने देखिन्छ।

## वडा तथा टोलगत समस्या तथा जोखिमको अवस्था

गौर नगरपालिकाको वडा नं. १ उत्तरमा वडा नं. ५, दक्षिणमा वडा नं २ र ३, पूर्वमा बकैया नदी र राजदेवी नगरपलिका र दक्षिणमा वडा नं. भारतसँग सिमाना जोडिएको छ। यस वडामा जम्मा १०२० घरधुरीमा ५३४२ जनसंख्या रहको छ भने वडा को कुल क्षेत्रफल १.४४ वर्ग किमी रहेको छ। बाढी, कटान र डुवानको जोखिम वडा नं. १ का ७५० घरधुरी र २५० विगाह भन्दा बढी जमिनमा रहेको देखिन्छ। आगलागीबाट महत्तो, चुरीहार, पासवान टोलका २५० घर परिवार, चट्टयाङ्ग महत्तो, चुरीहार, पासवान टोल ३५० घरधुरीहरु, हुरीबतास बाट महत्तो, चुरीहार, पासवान टोलका सबै घरधुरीहरु, स्वास्थ्य समस्याबाट वडाका सबै घरधुरीहरु, सर्पदंशबाट वडाका पूर्वी क्षेत्रका सबै घरधुरीहरु, कुकरटाकाईबाट वडाका सबै घरधुरीहरु, शितलहरबाट महतो, चुरीहार, पासवानटोल र कानुटोलका २५० घरधुरीहरु, खडेरीबाट वडाका सबै घरधुरी तथा कृषीयोग्य जमिन, सडक दुर्घटनामा गौर भन्सार देखि माईस्थान चौक सम्मका सबै घरधुरीहरु, असिनाबाट महतो, चुरीहार, पासवानटोल र कानुटोलका २५० घरधुरीहरु, तथा खेतीयोग्य जमीन र आन्तरिक द्धन्द्धमा पूरै वडा जोखिममा रहेको छ। नगरपालिकाको वडा नं. २ उत्तरमा जुद्ध मावि सडक, दक्षिणमा भारत पूर्वमा वडा नं. १ र दक्षिणमा बकैया नदी सँग सिमाना जोडिएको छ।

यस वडामा जम्मा ५०५ घरधुरीमा २५६४ जनसंख्या रहको छ भने वडा को कुल क्षेत्रफल ०.८७ वर्ग किमी रहेको छ। बढी/डुवानको जोखिममा वडाका सबै २०० घरधुरी तथा १२० विगाह खेतीबाली, आगलागीबाट ब्रहमटाल, महादेवपटीका ६० घरधुरी, चट्टयाङ्गबाट महादेव पटीका सबै घरधुरीहरु, हुरीबतासबाट वडा का २०० घरधुरीहरु तथा खेतीयोग्य जमीन, स्वास्थ्य समस्यबाट वडाका सबै घरधुरीहरु तथा बालीनाली, सर्पदंश बाट वडाका ५० घरधुरीहरु, कुकुर टोकाईबाट वडाका सबै घरधुरीहरु, शितलहरबाट वडाका ५० घरधुरीह र ५० विगाहतरकारी बाली, खडेरीबाट ५० घरधुरीको ५० विगाह जमिन, सडक दुर्घटनाबाट सडक नजिकका १०० घरधुरीहरु र असिनाबाट ५० घरधुरी र ५० विगाह खेतीयोग्य जमिन जोखिममा रहेको छ।यस नगरपालिकाको वडा नं. ३ उत्तरमा वडा नं ५ दक्षिणमा वडा नं २ पूर्वमा वडा नं. १ र पश्चिममा वडा नं ४ सँग सिमाना जोडिएको छ। यस वडामा जम्मा २५० घरधुरीमा ११४४ जनसंख्या रहको छ भने वडा को कुल क्षेत्रफल १.४० वर्ग किमी रहेको छ। बाढी/डुवानबाट मचकुटीया र पोखरियाका ५५ घरधुरीहरु र १० विगाह जमीन, आगलागीबाट पोखरियाका सबै घरधुरीहरु, चट्टयाङ्ग, हुरीबतास, स्वास्थ्य समस्या, सर्पदंश, कुकुर टोकाई र असिनाबाट वडा सबै घरधुरीहरु जोखिममा रहेका छन् भने शितलहरबाट वडाका ९० घरधुरीहरु बढीजोखिममा रहेका छन्, यस्तै सडक दुर्घटनाबाट सडक वरपरका ९० घरधुरीहरुबढी जोखिममा रहेका छन।यस नगरपालिकाको वडा नं. ४ उत्तरमा वडा नं.६ दक्षिणमा वडा नं ३ पूर्वमा वडा नं ५र ८ र दक्षिणमा इशनाथ गाँऊपालिका सँग सिमाना जोडिएको छ।

यस वडामा जम्मा ४८५ घरधुरीमा २४३८ जनसंख्या रहको छ भने वडा को कुल क्षेत्रफल ४.२६ वर्ग किमी रहेको छ।बाढी/डुवान तथा कटान बाट बाँध वारी तथा पारीका १०० घरधुरीहरु र खेती योग्य जमीन जोखिममा रहेको छ। यस्तै आगलागीबाट र चट्टयाङ्गबाट वडाका सबै घरधुरीहरु, हुरीबतासबाट वडाका १०० घरधुरी तथा ८० विगाह खेतीयोग्य जमिन, स्वास्थ्य समस्याबाट वडाका २०० घरधुरीहरु बढी जोखिमा रहेका छन्। यसरी नै सर्पदंश, कुकुर टोकाई, शितलहर, खडेरी, सडक दुघर्टना, असिना, ढुङ्गा दुर्धटना, लु लागनु, जस्ता प्रकोपहरुबाट वडाका सबै घरधुरीहरु जोखिममा रहेका छन् र जंङ्गली जनावरको समस्याबाट बाँध वारी तथा पारीका घरधुरीहरु तथा बालीनालीहरु बढी जोखिममा रहेको छ।यस

नगरपालिकाको वडा नं. ५ उत्तर र पूर्वमावडा नं. ८, दक्षिणमा वडा नं १ र पश्चिममा वडा ४ सँग सिमाना जोडिएको छ। यस वडामा जम्मा ४९५ घरधुरीमा २५६१ जनसंख्या रहको छ भने वडा को कुल क्षेत्रफल ०.७० वर्ग किमी रहेको छ।यस वडाका ५०० घरधुरीहरु तथा खेतीयोग्य जमिन बाढी, डुवान र कटानको जोखिममा रहेको छ भने आगलागीबाट विन, मुसलवान, राम, नुनिया, यादव र महतो टोलका १०० घरधुरीहरु बढी जोखिममा रहेका छन् । चट्टयाङ्गबाट वडाका ५० घरधुरीहरु, हावाहुरीबाट विन, मुसलवान, राम, नुनिया, यादव र महतो टोलका ८० घरधुरीहरु र १० विगाह खेतीवाली बढी जोखिममा रहेका छन । स्वास्थ्य समस्याबाट वडाका २०० परिवार, सर्पदंशबाट वडाका सबै घरधुरीहरु, कुकुर टोकाईको समस्यामा वडा २०० घरधुरीहरु तथा पशुचौपाया बढी जोखिममा रहेका छन् । शितलहरबाट वडा का विन, मुसलवान, राम, नुनिया, यादव र महतो टोलका २०० घरधुरीहरु बढी जोखिममा रहेका छन । शुख्खा खडेरीबाट वडाका १०० विगाह जमीन बढी जोखिममा रहेको छ। सडक दुर्घटनाबाट वडाका ३०० परिवारहरु जोखिममा रहेका छन् भने असिनाको समस्याबाट वडाका १५० घरधुरी र खेतीयोग्य जमिनबढी जोखिममा रहेको छ।

यस नगरपालिकाको वडा नं. ६ उत्तरमा राजापुर गाँऊपालिका दक्षिणमा वडा नं ४ पूर्वमा वडा नं ६ र पश्चिमा राजापुर गाँऊपालिकासँग सिमाना जोडिएको छ । यस वडामा जम्मा ९२५ घरधुरीमा ४९९५ जनसंख्या रहको छ भने वडा को कुल क्षेत्रफल ४.२५ वर्ग किमी रहेको छ।यस वडाका २५० घरधुरी तथा खेतीयोग्य जमीन बाढी, कटान तथा डुवानको जोखिममा रहेको छ भने आगलागीबाट सबगढाका १५० घरधुरीहरु र चट्टयाङ्ग,बाट ५० घरधुरीहरु बढी जोखिममा रहेका छन् । हुरीबतासका कारण यस वडाका १०० परिवार तथा बालीनाी, स्वास्थ्य समस्याबाट वडा २३० परिवारहरु, सर्पदंशबाट ५० परिवार, कुकुर टोकाईबाट वडाका ६० परिवार, शितलहरबाट वडाका सबै घरधुरीहरु शुख्खा खडेरीबाट वडा का १५० परिवार तथा १६० विगाह खेतवाली, सडक दुर्घटनाबाट सबगढा चोक र सडक वरपरका ५० परिवार, जंगील जनावरको समस्याबाट १०० परिवार तथा १२५ विगाह खेतीवाली र असिनाको प्रभावबाट वडाका १०० घरधुरीहरु तथा बालीनाली बढीजोखिममा रहेको छ। यस नगरपालिकाको वडा नं. ७ उत्तरमा दुर्गा भगवती गाँऊपालिका दक्षिणमा .वडा नं. ८, पूर्वमा वडा नं ९ र पश्चिममा ६ सँग सिमाना जोडिएको छ। यस वडामा जम्मा ३९० घरधुरीमा १९४७ जनसंख्या रहको छ भने वडा को कुल क्षेत्रफल २.१४ वर्ग किमी रहेको छ।यस वडाका पूर्व र दक्षिणटोलका १०० घरधुरीहरु र खेतीवाली बाढी, कटान र डुवानको समस्याबाट बढी जोखिममा रहेको छ।

यस्तै आगलागीबाट वडाका सिसवाका ३० घरधुरीहरु, चट्टयाङ्गबाट सिसवाका ५० घरधुरीहरु, हुरीबतासबाट सिसवाका १० घरधुरीहरु, स्वास्थ्य समस्याबाट वडाका ८० परिवार बढीजोखिममा रहेका छन् । वडाका प्राय सबै घरधुरीहरु सर्पदंश, शितलहर, खडेरीको समस्याबाट बढी जोखिममा रहेका छन् भन्  सडक दुर्घटनाबाट वडाको गौर चपुर रोड वरपरका ४० घरधुरीहरु बढी जोखिखमा रहेका छन् । यस्तै यस वडामा असिना, तातोहावाको जोखिम पनि रहेको छ भने जंगी जनावर को समस्याबाट वडाका १०० घरधुरीहरु र १० विगाह खेतीवाली बढी जोखिमा रहेको छ।यस नगरपालिकाको वडा नं. ८ उत्तरमा वडा नं. ७, दक्षिण र पूर्वमा वडा नं. ९ र पश्चिममा वडा नं. ५सँग सिमाना जोडिएको छ। यस वडामा जम्मा ७२१ घरधुरीमा ३८४३ जनसंख्या रहको छ भने वडा को कुल क्षेत्रफल १.८६ वर्ग किमी रहेको छ।यस वडाका पुरेनवा, कुडवा, ढागर टोल ३०० परिवार तथा खेतीयोग्य जमीन बाढी, कटान तथा डुवानको जोखिममा रहेको छ। यसरी नै आगलागीको जोखिममा पुरेनवा, कुडवा, ढागर टोल र यादव टोलका ८० घरधुरीहरु बढी जोखिममा रहेका पाईन्छ। वडाका ४० परिवार चट्टयाङ्गबाट, ८० परिवार हावाहुरीबाट, स्वास्थ्य समस्याबाट १०० परिवार,सर्पदंश बाट ४० परिवार, कुकुरटोकाईबाट वडाका सबै घधुरीहरु जोखिममा रहेको छ। यस वडाका २०० घरधुरी र ६० विगाह खेतीवाली शितलहरबाट, २०० परिवार र ३०० विगाह खतीयोग्य जमीन शुख्खा खडेरीबाट, वडाको आँखा अस्पताल रोड वरपरका २० परिवार सडक दुर्घटनाबाट बढी जोखिममा रहेको छ।  असिना, तातोहावा, छाला रोग जस्ता समस्याले यस वडाका घरधुरीहरु लाई थप जोखिममा पारेको छ भने जंगली जनावरको समस्याले वडाका १०० विगाह खेतीवालीलाई जोखिममा पारेको छ।यस नगर पालिकाको वडा नं. ९ उत्तरमा दुर्गाभगवती गाँऊपालिका दक्षिणमा भारत पूर्वमा सर्लाही जिल्ला र पश्चिममा वडा नं १, ५ र ८ सँग सिमाना जोडिएको छ। यस वडामा जम्मा ७५२ घरधुरीमा ३९६७ जनसंख्या रहको छ भने वडा को कुल क्षेत्रफल ४.६१ वर्ग किमी रहेको छ।यस वडाका मुसलिम,चमार,पासवान,धोवी टोलका ३७० परिवारहरु र खेतीयोग्य जमिन बाढी,

कटान र डुवानको जोखिममा रहेको छ। आगलागीबाट वडाका मुसलिमटोल, चमाटोल, पासवान टोलका करीब २५० घरधुरीहरु बढी जोखिममा रहेको छ भने चद्वयाङ्ग, हुरीबतास, स्वास्थ्य समस्या। सर्पदंश। कुकुरटोकाईबाट वडाका पूरै घरधुरीहरु जोखिममा रहेको पाईन्छ। शितलहरका कारण वडाका ३७० परिवार र तरकारीबाली बढी जोखिममा रहेको छ भने, खडेरीबाट ३०० विगाह खेतीयोग्य जमीन, सडक दुर्घटनाबाट गौर पिपरा रोडका ६५ परिवार, असिना, तातोहावा बाट वडाका करिब २०० घरधुरीहरु बढी जोखिममा रहेका छन्। जंगली जनावकारको समस्यामा वडाको पूर्व पश्चिम तर्फ रहेको करिब ३०० विगाह खेती तथा १६० घरधुरीहरु बढी जोखिममा रहेको पाईन्छ।

## जोखिम न्यूनिकरण तथा प्रतिकार्यका लागि पूर्वतयारी आवश्यक उपायहरु :

| क्षेत्र | संकटासन्नता न्यूनिकरणका तत्वहरु |
|---|---|
| प्रकोप अल्पिकरण, पुर्वतयारी, प्रतिकार्य र रोकथाम | • स्थानिय विपद् तथा जलवायु उत्थानशिल समिति (वडा तह समेत) लाई विपद् व्यवस्थापन ज्ञान तथा क्षमता विकास<br>• स्थानिय विपद् तथा जलवायु उत्थानशिल समिति (वडा तह समेत) मा पूर्वतायरीको सिप तथा सामाग्रीको भण्डारण र अद्यावधिक (राहत सामाग्री अस्थायी आवासका सामाग्रीहरु, सरसफाई तथा स्वच्छता सम्वन्धि न्यूनतम आधारभूत सामाग्री, स्वास्थ तथा संरक्षण सम्वन्धि न्यूनतम आधारभूत सामाग्री, विपद् व्यवस्थापन कोष, प्राथमिक उपचार तालिम र सामाग्री, खोज तथा उद्धार तालिम र सामाग्री)<br>• प्रकोपगत सुरक्षित स्थानको पहिचान र सो को प्रचार प्रसार<br>• वहु प्रकोप जोखिम न्यूनिकरणका लागि सुचना, शिक्षा तथा संचार सामाग्रीको विकास र प्रचार प्रसार<br>• समुदाय तथा विद्यालय सचेतना कक्षा संचालन (भूकम्प, वाढी, आगलागी, स्वास्थ्य समस्या, शितलहर,लागू औषध दूर्व्यवसन....)<br>• भूकम्प प्रतिरोधी संरचना निर्माणका लागि सिप विकास,<br>• भवन निर्माण आचार संहिता पालनाका लागि सचेतना, नीतिको कार्यान्वयन र अनुगमन<br>• भूकम्प प्रतिरोधि नमूना संरचनाको निर्माण ( अस्याथी आश्रय स्थलको रुपमा प्रयोग गर्न सकिने)<br>• सार्वजनिक भौतिक संरचनाहरुको भूकम्प प्रतिरोधी क्षमताको विश्लेषण र सवलीकरण गर्ने<br>• वाढी तथा डुवान जोखिम न्यूनिकरणका लागि वृक्षारोपण, स्पर एवं तटबन्ध निर्माण (विभिन्न स्थानहरुमा)<br>• सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने दिर्घकालिन योजना संचालन गर्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>• स्थानिय विपद् तथा जलवायु उत्थानशिल समिति (वडा तह समेत) मा वहु प्रकोप प्रतिकार्यको लागि सिप र सामाग्रीको व्यवस्था र प्रतिकार्य प्रणालीको स्थापना<br>• वाढी पूर्व सुचना प्रणालीको स्थापना<br>• सिमानाको वाँध व्यवस्थपन गरी पानी निकासीको लागि भारतिय पक्ष सँगको छलफल तथा सहमतीका लागि संघीय सरकारसँग पहल ।<br>• मौसमी सुचना प्रणालीको विकास र प्रचारप्रसार<br>• वारुणयन्त्रको परिचालन व्यवस्थापनका लागि दक्षता जनशक्तिको विकास<br>• समुदायमा आग नियन्त्रण टोलिको गठन दक्षता विकास र सामाग्री व्यवस्थापन<br>• आगलागी नियन्त्रणका लागिसाना पोखरी तथा आगलागी नियन्त्रण पोष्टको निर्माण<br>• सवारी चालक, सहचालक, सामुदायिक तथा विद्यालय शिक्षा कक्षा संचालन,<br>• जेब्राक्रसिङ, सुचना वोर्ड तथा सडक बत्तीको स्थापना र व्यवस्थापन, आवश्यकताको आधारमा स्काईपूलको निर्माण<br>• सिंचाई योजनाको विकास र कार्यान्वयन |

| क्षेत्र | संकटासन्नता न्यूनिकरणका तत्वहरु |
| --- | --- |
| | • भूमिगत सिंचाईको व्यवस्थापनका लागि अनुदान र प्रोत्साहनको व्यवस्था<br>• सर्पदंश उपचार केन्द्रको स्थापना तथा संचालन<br>• छाडा कुकुर व्यवस्थापनका लागि बन्धाकरण अभियान संचालन<br>• नगर आपत्कालिन केन्द्रको स्थापना र संचालन<br>• नियमित कृत्रिम घटान अभ्यास<br>• स्थानिय तथा वाह्यनिकायहरु सँगको नियमीत समन्वय र सहकार्य |
| खानेपानी | • पानीको मुहान, जलधार क्षेत्रको संरक्षण<br>• पानी जम्मा गर्ने, वितरण गर्ने प्रणालीको स्थापना तथा सुरक्षित खानेपानी वितरण<br>• खानेपानी योजनाको लागि सिप र सामाग्रीको व्यवस्था<br>• नियमीत खानेपानी परिक्षण तथा शुद्धिकरण अभियान, |
| सरसफाई र स्वच्छता | • व्यक्तिगत, सामुदायिक र वातावरणिय सरसफाई सचेतना अभिवृद्धिका लागि सामुदायिक तथा विद्यालय शिक्षा कक्षा<br>• सरसफाई सम्बन्धि बिभिन्न सुचना शिक्षा तथा संचारका सामाग्रीको विकास र वितरण<br>• बजारक्षेत्रमा ढल निर्माण तथा नियमित निकासको व्यवस्था,<br>• शौचालय निर्माण र प्रयोगमा सचेतना तथा नीतिगत कडाई,<br>• प्लाष्टिक जन्य सामाग्रीहरु प्रयोगमा प्रतिवन्ध,<br>• सरकारी तथा नीजि ताल तलैयाहरुको नियमीत सरसफाई, सरसफाई अभियान<br>• आवश्यकताको आधारमा नगरपालिका भित्र सार्वजनिक शौचालयहरुको निर्माण र उचित व्यवस्थापन,<br>• दाउरा कम खपतको लागि सुधारिएको चुलो वा धुँवा रहित चुलाको प्रयोगमा उत्प्रेरणा<br>• पानीजन्य रोगहरुको बारेमा सचेतना<br>• फाहोरपानी व्यवस्थापनको लागि ढल निर्माण र निकासी व्यवस्थापन<br>• फोहर संकलन तथा विर्सजन प्रणलीको कार्यान्वयन<br>• मूख्य मूख्य स्थानहरुमा फोहरु संकलन केन्द्र को स्थापना र फोहर संकलन र विर्सजनको उचित प्रवन्ध र परिचालन, |
| स्वास्थ्य | • मातृशिशु स्वास्थ्य स्याहर र सम्वन्धित समस्याको रोकथामका उपाय र उत्प्रेरणा<br>• यौन रोग र स्वासप्रश्वास सम्बन्धि रोगको रोकथाम र उपचारको लागि सचेतना<br>• गर्भवती, सुत्केरी र सुत्केरी पछिको अवस्थाको बारेमा सचेतनामुलक कार्य<br>• स्वास्थ्य सम्बन्धि गतिविधि कार्यान्वयनको लागि बिभिन्न समुदायमा आधारित समुहहरुको परिचालन<br>• डेन्गुको उच्च जोखिम रहेका क्षेत्रहरुमा प्रतिरोधि औषधी छर्ने तथा झुल वितरण<br>• खुला सडक खाद्य निर्माण तथा विक्री र प्रयोजनमा प्रतिवन्ध,<br>• खाद्य पदार्थ गुणस्तरको आवश्यकता अनुसार अनुगमन,<br>• न्युनतम यौन तथा प्रजनन स्वास्थ्य सेवा (Minimum Initial Service Package for Sexual and Reprodcutive Health-MISP) र बिस्तृत यौन तथा प्रजनन स्वास्थ्य सेवाका लागि सेवा प्रदायक र सरोकारहरुलाई अभिमुखिकरण/तालिम र आवश्यक औषधी तथा अन्य सामग्रीहरुको पुर्वभण्डारण रअन्य पुर्व तयारी<br>• प्रजनन स्वास्थ्य सम्वन्धि विद्यालय तथा सामुदायिक सचेतना कक्षा संचालन,<br>• महिनावारी व्यवस्थापनको लागि विद्यालय तथा समुदाय शिक्षा कक्षा, घरायसी सामाग्री निर्माणको सिप विकास<br>• सार्वजनिक स्थल, कार्यालय तथा विद्यालयहरुमा बाल, किशोरी, महिला र अपाङ्ग मैत्री संरचना तथा सेवा प्रवाको शुनिश्चिता<br>• अपाङ्गता भएकाहरुका लागि सहयोगी सामाग्रीका वितरण तथा सिप विकास कार्यक्रमको संचालन<br>• किराजन्य, पानी जन्य रोगको कमिको लागि न्यूनिकरणका गतिविधिहरु संचालन<br>• निशुल्क प्रजनन स्वास्थ्य तथा अन्य स्वास्थ्य शिविरहरुको संचालन<br>• लैंगिक हिंसा स्वास्थ्य प्रतिकार्यका लागि गौर अस्पताल संग समन्वय र सहकार्य गर्ने |
| संरक्षण र | • जोखिममा रहेको समुह (बिशेष गरी महिला, बालबालिका, किशोरीहरु, अपांगता र लैगिक अल्पसंख्यक |

| क्षेत्र | संकटासन्नता न्यूनिकरणका तत्वहरु |
|---|---|
| लैगिक हिंसा रोकथाम | व्यक्तिहरु) को विपद जोखिम न्युनिकरण सहभागिता र संरक्षणका लागि कार्यकमहरु गर्ने<br>• लैगिक समनता र लैगिंक हिंसा रोकथाम र व्यवस्थापनका लागि गतिबिधिहरु संचालन गर्ने |
| जिविकोपार्जन | • नयाँ वा बैकल्पिक आयआर्जनको श्रोतको खोजी र उपलब्धता<br>• खडेरीको असर कम गर्ने खालको खेति प्रणालीको खोजी र व्यवस्था<br>• भईरहेको खेतियोग्य जमिनमा उत्पानशिलता बढाउनका लागि प्रविधि र प्राविधकको व्यवस्थापन<br>• खेति तथा अन्नमा लाग्ने रोगहरुको पहिचान गरि रोकथामको उपायको लागि सरोकारवालासंग समन्वय<br>• भू व्यवस्थापनको नीति निर्माण तथा कार्यान्वयन,<br>• कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई योजनाहरुको विकास र विस्तार<br>• स्थानिय हाट बजार व्यवस्थापन र स्थानिय उत्पादनलाई प्रोत्साहन<br>• स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।छ<br>• मौसमी, कृषी तथा पशुपालन सम्वन्धि सुचना, शिक्षा संप्रेषणको व्यवस्था<br>• यूवा स्वरोजगार तथा सिप विकास कार्यक्रमहको संचालन र बजार व्यवस्थापन |

## ६. संस्थागत विश्लेषण

ब्यापारिक शहर तथा कृषि उर्भरभूमी रहेको गौर नगरपालिका रौतहट जिल्लाको सदरमुकाम समेत रहेकोले यस क्षेत्रमा विभिन्न सरकारी, गैह्र सरकारी तथा मानविय क्षेत्रमा कार्यरत संघ संस्थाहको उपस्थिति रहेको छ। जिल्ला स्तरिय कार्यालयहरु, सयूक्त राष्ट्र संघका विशिष्टकृत निकायहरु, नेपाल रेडक्रस तथा अन्य अन्तराष्ट्रिय संघ संस्थाहरुको उपस्थितीले नगरको भौतिक, सामाजिक र आर्थिक क्षमतालाई सबल बनाएको छ । उल्लेखित सरकारी तथा गैह्सरकारी निकायहरुसँगको समन्वय तथा सहकार्यमा नगरमा रहेका बहुप्रकोपगत जोखिमहरुलाई कमी गर्न सहज हुने देखिन्छ, तथापी सरोकावाहरुको क्षमताको लेखाजोखा, सहकार्यको क्षेत्र पहिचान र समन्वय मा तत्काल पहल हुनुपर्ने देखिन्छ। नगर पालिकाले विभिन्न निकायहरु सँग रहेको भौतिक तथा सामाग्रीगत अभिलेखको अद्यावधिक गर्ने, कार्यक्रमगत क्षेत्रको पहिचान गर्ने र उपलब्ध स्रोतको एकिकृत रुपमा परिचालन गर्ने रणनीत अनुसार योजान कार्यान्वयलाई अगाडी बढाउने लक्ष्य लिएको छ।

## ६. संस्थागत विश्लेषण वा रोटी चित्र

| क्र. सं. | कार्यालय सङ्घसंस्था | ठेगाना | विपद् तथा जलवायु जन्य जोखिम व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|
| क | नपा भित्र | | विपद् पूर्व | विपद्को समयमा | विपद् पश्चात |
| १ | गौर न.पा | गौर न.पा वडा नं.१ | • विपद् संग सामना गर्ने पूर्व त्यारी<br>• विपद् समबंधि जन चेतना मुल्क कार्यक्रम | • खोज उद्धार तथा राहत | • राहत तथा पूनरलाभको गतिविधिहरु |
| २ | जिल्ला विपद् व्यवस्थापन समिति (जिल्ला प्रशासन कार्यालय) | गौर न.पा वडा नं.१ | • विपद् जोखिम न्यूनिकरण<br>• विपद् पूर्वतयारी<br>• समन्वय र सहकार्य | • क्षतीको लेखाजोखा,<br>• स्रोत व्यवस्थापन<br>• राहत वितरण व्यवस्थापन<br>• समन्वय र परिचालन | • राहत तथा पूनरलाभका गतिविधिहरु |
| ३ | जिल्ला खानेपानी तथा ढल निकास कार्यालय | गौर न.पा वडा नं.१ | • विपद् संग सामना गर्ने पूर्वतयारी<br>• विपद् समबंधि जन चेतना मुलक कार्यक्रम | • शुद्ध खानेपानी वितरण व्यवस्थापन<br>• सरसफाई तथा स्वच्छता सेवा प्रवाह | • खानेपानी शुद्धि करण तथा सरसफाइ सामग्री वितरण |
| ४ | खानेपानी संस्थान | | • विपद् संग सामना गर्ने पूर्वतयारी<br>• विपद् समबंधि जन चेतना मुलक कार्यक्रम | • शुद्ध खानेपानी वितरण व्यवस्थापन<br>• सरसफाई तथा स्वच्छता सेवा प्रवाह | • खानेपानी शुद्धि करण तथा सरसफाइ सामग्री वितरण |
| ५ | जिल्ला प्रहरी कार्यालय तथा स्थानिय प्रहरी कार्यालय | गौर न.पा वडा नं.५ | • विपद् पूर्व तयारीका गतिविधिहरु<br>• विपद् जोखिम न्यूनिकरणमा सहयोग | • राहत वितरण व्यवस्थापन<br>• खोज तथा उद्धार<br>• संरक्षण र समन्वय | • पूनरलाभका गतिविधिहरुमा सहयोग |
| ६ | शसन्त्र प्रहरी कार्यालय | गौर न.पा वडा नं.१ | • विपद् पूर्व तयारीका गतिविधिहरु<br>• विपद् जोखिम न्यूनिकरणमा सहयोग | • राहत वितरण व्यवस्थापन<br>• खोज तथा उद्धार<br>• संरक्षण र समन्वय | • पूनरलाभका गतिविधिहरुमा सहयोग |
| ७ | नेपाली सेना | गौर न.पा वडा नं.८ | • विपद् पूर्व तयारीका गतिविधिहरु<br>• विपद् जोखिम न्यूनिकरणमा सहयोग | • राहत वितरण व्यवस्थापन<br>• खोज तथा उद्धार<br>• संरक्षण र समन्वय | • पूनरलाभका गतिविधिहरुमा सहयोग |
| ८ | नगर प्रहरी | | • सरसफाई अभियान<br>• बजार व्यवस्थापन<br>• जोखिम न्यूनिकरणका गतिविधिहरु | • राहत वितरण व्यवस्थापन<br>• खोज तथा उद्धार<br>• संरक्षण र समन्वय | • पूनरलाभका गतिविधिहरुमा सहयोग |
